# अध्यायः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल विश्वमा बहुभाषिक, बहु साँस्कृतिक, परम्परा, बहुजातीय, बहु धार्मिक विशेषता भएको मुलुकको रुपमा पनि परिचित छ । यहाँ विभिन्न जातजातिको बसोबास रहेको छ। यी विभिन्न जाति, आदिवासी तथा जनजाति भनी पहिचान गरिएका जातिहरु मङ्गोल-किराँत, आर्य, द्रबिड मूलमा पर्दछन्। विभिन्न भाषाभाषीहरूको सङ्गमस्थल नेपालमा झन्डै एकसय भन्दा बढी भाषाहरू बोलिन्छन्। यहाँ अनेकौं धर्मका अनुयायीहरू बस्दछन्। यी धर्म अनुयायीहरूले हिन्दू, बौद्ध, इस्लाम, किराँत, बोन्पो, क्रिस्चियन, जैन, शिख, बहाई धर्म अवलम्बन गरेका छन्। सांस्कृतिक विविधता अनुरूप भिन्नभिन्न चाडपर्व मनाउने गर्दछन्। नेपाली समाज सबै जाति धर्म, सम्प्रदाय र भाषाभाषीहरूको भाषा, साहित्य, कला, सीप, धर्म र संस्कृतिको विकासद्वारा सांस्कृतिक विविधता र पहिचान कायमै राखी राष्ट्रिय एकता सुदृढ गर्न प्रयासरत राष्ट्र हो। अनेकतामा एकता नेपाली समाजको आफ्नै आन्तरिक पहिचान हो। कुनै पनि देशको कला, संस्कृति र साहित्यको विकासमा राष्ट्रको उन्नतिको चित्र छर्लङ्ग दर्शिएको हुन्छ। देशको संस्कृति र सभ्यता, धर्म, साहित्य, दर्शन, चित्रकला, संगीत, परम्परागत मान्यता, शासनको रूप, कानुनी रीतिरिवाज आदि अनेकौं नियमहरूको सिर्जनाबाट संस्कृतिको जन्म हुन्छ। हाम्रो देशमा विभिन्न जातिहरूको विभिन्न सम्झौताबाट संस्कृतिमा विभिन्न प्रभाव परेको देखिन्छ। वैदिक, हिन्दू, बौद्ध आदि धर्मको समष्टिबाट नेपाली संस्कृतिको सिर्जना भएको छ (गौतम, २०६२) ।

नेपालमा बसोबास गर्ने प्राचीन जातिहरुमध्ये पहरीजातिहरु पनि एक हो । नेवार जातिको सामाजिक मान्यता अनुसार यस जातिलाई उच्च निम्न जातिमा गणना गरिन्छ । पहरीहरुलाई पहाडी, पिही, पै, नगरकोटि आदि नामले चिनिन्छ । पहरी जातिका मानिसहरुको बसोबास काठमाण्डौ उपत्यका भित्र छैन र उपत्यका आसपासका क्षेत्रहरुमा बसोबास गरेको पाइन्छ। पहरी जाति हिन्दु धर्मालम्बि हुन्। पहरीहरु सीधा, सोझा र सरल स्वभावका छन्। यिनिहरुको आर्थिक अवस्था हालसम्म पनि कमजोर नै देखिन्छन्। यिनिहरु पिछडिएका छन्, गरिब छन्, अशिक्षित भए पनि परिश्रमि र मेहनति रहेको अध्ययनले देखाएको पाइन्छ (आचार्य, २०५०) । सम्पूर्ण भाषा, धर्म,जाति,क्षेत्र र सम्प्रदायका

मानिसहरुलाई समान रुपमा राज्यको मूल प्रवाहमा समाहित गर्न नितान्त आवश्यक छ । तर सामन्ती राज्यसता इतिहासको लामो कालखण्डदेखि यस्ता विविध राष्ट्रिय बिशेषताहरुलाई उपेक्षामात्र होइन त्यसलाई एकजाति, एकभाषी, एकधर्मीको नाममा नामेट गराउने तिरनै यो वा त्यो रुपमा उद्यत रहेको पाउँछौ । त्यसको परिणाम स्वरुप राष्ट्र राज्य सबै जात जाति, दलित, महिला, मधेसी, भाषा भाषी तथा उत्पीडित वर्ग क्षेत्र समुदायको बन्न सकेन ।

पहरी जातिको बारेमा अहिले सम्म कुनै आधिकारिक अध्ययन भएको भेटिंदैन । पहरी बसोबास गर्ने मूल थलो काभ्रेपलाञ्चोक जिल्लाको सालघरा, र पलाञ्चोक गा.वि.स. भएको मङ्गोल मूलका पहरि जाति अल्पसंख्यक जातिमा पर्दछ । ललितपुरको बडिखेल, सिकर्पा, टोम्फेल, गोदावरी गाउँहरुमा बसोबास गर्दछन् । अदुवा र भटमास यिनका पवित्र र उत्तम वस्तु मानिन्छ । यिनिहरुको धर्म, भाषा र संस्कृति नेवार र तामाङ सँग मिल्दछ । यिनीहरु आफ्नो मुलथलो दैलेख जिल्लालाई मान्दछन् । परम्परागत रुपमा वेत बाँसका डोको, नाङलो जस्ता सामाग्रीहरु निमार्ण गर्नु यिनिहरुको पूर्ख्यौली पेशा हो । तर हाल यिनिहरुले कृषि तथा ज्याला मजदुरीलाई पनि जिविकोपार्जनका मुख्य पेशा बनाउँदै आएको पाइन्छ (उक्याव र अधिकारी, २०५७) । विभिन्न विद्धानहरुले गरेको अध्ययनलाई विश्लेषण गर्दा फ्री जातिको सम्बन्ध पहरी जातिसँग मिल्ने भेटिन्छ । फ्री र पहरी जातिको इतिहाँस, जिवनशैलि, उद्मग स्थल, भाषा, संस्कृति आदि एउटै भएको भेटिन्छ । किंवदन्ती अनुसार देश निकाला गरिका केहि समुदायहरु पहाडको पहरा र खोंचमा बस्ने गरेपछि भीरपाखा पहरामा बस्ने भएकोले कालन्तरमा यिनिहरुलाई पहाडी त्यसपछि पहारी र पछि पहरी भनियो । पहरी नेवार जातिबाट पतित भएर पहरीमा परिणत भएको कुरा भक्तपुरको शिलालेखबाट थाहा पाउन सकिन्छ । पहरीको सामाजिक मान्यता अन्य नेवार जातिसँग प्रायः मिल्दो जुल्दो छ । यो जातिमा नेवारको जस्तो महिलालाई वेलविवाह र गुफा राख्ने चलन छैन ।

राष्ट्रिय जनगणना २०६८ मा जम्मा १२५ वटा जातजातिहरू रहेको देखिएको छ । आदिवासी जनजाति उत्थान, राष्ट्रिय प्रतिष्ठानको ऐन २०५८ अनुसार सुचिकृत ५९ वटा आदिबासी जनजाति मध्ये पहरी जाति सिमान्तकृत समुहमा पर्ने एक आदिवासी जनजाति हो । यस जातिलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको वर्गीकरण अनुसार ५ समूह लोपोन्मुख, सिमान्तीकृत, अति सीमान्तीकृत, सुविधा बञ्चित, सुविधायुक्त मध्ये पहरी

जातिलाई सीमान्तकृत समूह भित्र राखेको छ । जाति, भाषा, धर्म जनसङ्ख्या, संस्कृतिको कुल योग नै राष्ट्र हो । त्यसैले सबै भाषा, संस्कृति, कलालाई समृद्ध बनाउनु आवश्यक हुन्छ । भाषा, संस्कृतिको विनाशले मानिसको पहिचान नै समाप्त हुन सक्दछ । त्यस्तो अवस्थामा पहरी जातिको सामाजिक आर्थिक अवस्था सम्बन्धी अध्ययनले उनीहरूको साजिक पहिचान र संरक्षणमा थप टेवा पुऱ्याउनु हो । प्रत्येक जातिको सामाजिक संस्कार, भाषा संस्कृतिको संरक्षण र सम्बर्द्धनले राष्ट्रिय एकता मजबुत हुन सक्दछ । प्रत्येक जातिले आ-आफ्नै विशेषता तथा पहिचानहरु बोकेका हुन्छ । सीमान्तकृत समूहमा पर्ने पहरी जातिको अध्ययनले उनीहरूको पहिचानलाई उजागर गर्न मलजल गर्दछ (के.त.वि.,२०६८) । अन्ततः उनीहरु राष्ट्रिय मूल प्रवाहमा समाहित हुनमा थप बल पुग्ने छ ।

नेपालको सामाजिक बनौटको मानचित्रबाटै राज्यले सुरेल आदिवासी जनजाति प्रतिको उपेक्षा र असंबेदनशीलताका कारण अस्तित्वबिहीन बन्न पुगेकोले उनीहरुलाई पनि अरु समुदायका नागरिक सरह ससम्मान आफ्नो पहिचान सहितको हक अधिकार राज्यबाट उपलब्ध हुन र अस्तित्व लोपहुनबाट संरक्षण गर्नको लागि पनि यी जातिहरुको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको अध्ययन अनुसन्धान गरि बर्तमान अवस्थाको बारेमा प्रकाश पार्ने प्रयास गरिएकोछ । नेपालका बिभिन्न आदिवासी जनजातिहरु मध्ये पहरी जाति पनि एक हो । उनीहरुको छुट्टै मौलिक भाषा ,धर्म, संस्कृति, रहन सहन जीवन पध्दति रहेको पाईन्छ । यी जातिको बारेमा राज्यले हाल सम्म गहन अध्ययन अनुसन्धान गरेको पाइँदैन ।

## १.२ समस्याको कथन

हिमाल, पहाड तराईको फाँटसम्म र पूर्व मेची देखी पश्चिम महाकालीसम्म छरिएर रहेका सम्पूर्ण जाति आदिवासी जनजातिहरु, जोखिममा परेका सीमान्तकृत आदिवासी जनजातिहरुको खोजी गरी उनीहरुको सामाजिक, आर्थिक, साँस्कृतिक तथा जीविकोर्पानमा सुधार नल्याएसम्म सामाजिक न्याय हुन सक्दैन । सम्पूर्ण भाषा, धर्म, संस्कृति, जाति,आदिवासी जनजाति, क्षेत्र र सम्प्रदायका मानिसहरुको समानरुपले विकास हुनु नितान्त आवश्यक छ । सम्पूर्ण भाषा, धर्म, संस्कृति, जाति,आदिवासी जनजाति, क्षेत्र र सम्प्रदायका मानिसहरुको समानरुपले विकास हुनु नितान्त आवश्यक छ । कुनै पनि राष्ट्रमा भाषा, धर्म र संस्कृतिको आधारमा जति पनि जाति आदिवासी जनजातिहरु रहेकाछन् तिनीहरुले आ-आफ्नो पहिचानको निमित धर्म, भाषा, सँस्कृति र परम्परा माथि अधिक आस्था राखेको

पाईन्छ । यस्तो अवस्थामा एउटा स्वास्थ्य समाज निर्माण गर्न विभिन्न सम्प्रदायहरुबीच सुमधुर सम्वन्ध कायम राख्न र सामाजिक मूल्य मान्यता बारे बोध हुनु आवश्यक छ । प्रत्येकको सामाजिक-आर्थिक अवस्था केलाउन आवश्यक मानिन्छ ।

नेपाल सरकार, स्थानिय विकास मन्त्रालय, राष्ट्रिय जनजाति विकास समितले वि.स. २०५७ चैत्र महिनामा प्रकासित नेपालका आदिवासी जनजातिहरु नामक पुस्तकमा पहरी जातिको सामान्य परिचय र इतिहाँस उल्लेख गरेको पाइन्छ (उक्याव र अधिकारी,२०५७) । यसै गरि आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ मा उल्लेख गरेका ५९ जनजातिहरुको सूचिमा समेत यस जातिको नाम उल्लेख गरेको छ । साथै नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषदको मिति २०६०/११/१८ को वैठकले नेपालका आदिवासी जनजनतीहरुलाई पाँच वर्गमा वर्गिकरण गरेको छ । यस वर्गिकरणको सिमान्तकृत समूह अर्न्तगत पहरी जाति पनि परेको देखिन्छ । पहरी जातिको बसोबास गर्ने मूल थलो सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर र ललितपुर हो । प्रत्येक आदिवासी जनजातिका आ-आफ्नै छुट्टै विशेषताहरू रहेका हुन्छन् । यस्ता विशेषताहरू क्षेत्र विशेष र संस्कारमा आधारित हुन्छन् । जुन उनीहरूको पहिरन, खानपीन, मनोरञ्जन, चाडपर्व, मूल्य, मान्यता, धर्म, संस्कृति, भेषभुषा आदिको खोज तथा जर्गेना गर्नु राज्यको दायित्व हो । बिभिन्न आदिवासी जनजातिहरु मध्ये पहरी जाति पनि एक हो । सीमान्तकृत अवस्थामा रहेको पहरी जातिको लोकजीवन सामान्यतया पछौटेपनबाट गुज्रिरहेको भेटिन्छ । अन्य अभिजात्य वर्गका मानिसहरूको संस्कृति तथा व्यवहारले उनीहरूलाई अति प्रभावित पारेको छ । उनीहरूको भाषा, धर्म, संस्कृति आदिको यथोचित विकास हुन सकेको छनै । विगतका अध्ययनले लोक जिवन र संस्कृतिको ध्ययन गरेको तर सामाजिक आर्थिक अवस्थाको अध्ययन हुन नसकेको कारण यस यो अध्ययनले पहरी जातिको सामाजिक आर्थिक अध्ययनमा केन्द्रित रहेको छ । सचेत हुन जरुरी छ । यसै पृष्ठभुमिमा रहेर यस अध्ययनले मुख्यतया निम्नानुसारका अनुसन्धानमुलक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

- पहरी जातिका प्रमुख लोक जिवनका पक्षहरु के के हुन् ?
- पहरी जातिका मानिसका सामाजिक पक्षहरु के के हुन् ?
- पहरी जातिको सामाजिक-आर्थिकमा कस्तो परिवर्तन आएको छ ?

## १.३ अध्ययनका उद्देश्यहरु

यस अध्ययनको सामान्य उद्देश्य सीमान्तकृत पहरी जातिको सामाजिक-आर्थिक अवस्था सम्बन्धि अध्ययन थियो । यसैगरि विशेष उद्देश्यहरु निम्नानुसार रहका छन् ।

(१) पहरी जातिको वर्तमान सामाजिक पक्षको विश्लेषण गर्नु ।

(२) पहरी जातिको आर्थिक अवस्थामा देखिएका परिवर्तनको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य, उपयोगिता तथा महत्व

सीमान्तकृत अवस्थामा रहेको पहरी जातिको लोकजीवन सामान्यतया पछौटेपनबाट गुज्रिरहेका छन् । अन्य अभिजात्य वर्गका मानिसहरूको संस्कृति तथा व्यवहारले उनीहरूलाई अति प्रभावित पारेको छ। उनीहरूको भाषा, धर्म, संस्कृतिमा अतिक्रमण भएको छ। आई.एल.ओ.महासन्धि नं १६९, ०६४ को संसदको हिउदे अधिवेशनले पारित गरिसकेको छ। कुनै कानुन विद्यमान नभएको अवस्थामा यस्ता महासन्धीहरुको अनुमोदनले पनि कानुनकै काम गर्दछन् । अर्को तर्फ अन्य कतिपय आदिवासी जनजातिहरुको धर्म, सँस्कृति, भाषा लोप हुनुको साथै सामाजिक, आर्थिक पछौटेपन व्याप्त छ भने कतिपय लोप हुने क्रममा रहेको छ ता पनि राज्यले राष्ट्रिय विशेषतालाई यथार्थमा आत्मसात गरेको पाइँदैन जसको फलस्वरुप आज बहिष्कृत समूहहरु आदिवासी जनजातिहरु,दलित,महिला,, मधेसमा पनि केही सामन्ती प्रथाबाट उत्पिडित वर्ग, दुर्गम क्षेत्र राज्यको मुलधारमा ससम्मान रहभागिता र नैसर्गिक हक अधिकारको लागि सँघर्ष गरिरहेका छन् ।यस अध्ययनले पहरी जातिको सामाजिक-आर्थिक अवस्था सम्बन्धी खोजमा ठोस महत्त्व राख्दछ। साझा भूगोल, साझा भाषा, तथा आफ्नै प्रकारको धर्म, संस्कृति मूल्य मान्यतासहितको विशिष्ट पहिचान बोकेका आदिबासी जनजातिहरुको संख्या नेपालको कुल जनसंख्याको ३७.२ प्रतिशत रहेको छ । यस्तो अवस्थामा राज्यले बहिस्कृत समुहहरुको सरोकारका मुद्दाहरुलाई सकारात्मक र ठोस रुपमा संवोधन गरी उनीहरुको उत्थानको लागि अव निकट भविष्यमा हुने राज्यको पुनःसंरचनाको क्रममा विशेष व्यवस्थाको लागि नीति नियम निर्माण गर्नुपर्ने हुन्छ। यो अनुसन्धानले पहरी जातिको जातीय अस्तित्व भाषा, सँस्कृति, सामाजिक,आर्थिक जीवन पद्धति लोप हुन नदिन आफ्नो सर्वाङ्गीण विकास आफै गर्नको लागि आत्मनिर्णयको अधिकार सहितको स्वायत्तता, स्वशासन के उपयुक्तहुन्छ सो प्रणालीको सुनिश्चित व्यवस्था गर्नमा राज्यले

ध्यान दिनुका साथै जागरुक र शसक्तिकरण बनाई राज्य संचालन प्रणालीमा प्रोत्साहन गर्नु पर्छ र राष्ट्रको मुलधारमा ससम्मान सहभागिता गराई समग्र राष्ट्र निर्माणमा एउटा ईटा थपिन सक्छ ।

## १.५ अध्ययनको सीमा

समग्र अध्ययन तोकिएका उद्देश्य तर्फ केन्द्रित हुन सकोस भनी अध्ययनलाई सीमाबद्ध गरिएको छ । यो अध्ययन ललितपुर जिल्लामा बसोबास गर्ने पहरी जातिका मानिसहरुको सामाजिक-आर्थिक अवस्था सम्बन्धि विश्लेषणमा मात्र सीमित रहको छ । साथै यस अध्ययनका निम्न सीमाहरु रहेको थिए । यो अध्ययन क्षेत्र ललीतपुर जिल्लाको बढिखेल क्षेत्रमा मात्र सीमित रहेको छ । सिमित क्षेत्रमा मात्र सिमित रहेको हुनाले यसको निष्कर्ष अन्य क्षेत्र तथा जातिमा तादामेता नहुन सक्छ । यसर्थ पनि यो अध्ययन कुनै सिद्धान्तसँग सम्बन्धित छैन । साथै अध्ययन छोटो अवधिमा गरिएको हुनाले तथ्यङ्कहरु पर्याप्त नहुन सक्छन ।

# अध्यायः दुई

# साहित्यको पुनरावलोकन

## २.१ पहरी जातीको उत्पत्ति

पहरी जातिको मूल रुप के हो भन्ने विषयमा विभिन्न भनाइहरु भेटिन्छ । कतिपय लेखकविद्धानहरुले क्षेत्री र कतिपयले तामाङ नै उनीहरुको मुल रुप हो भनि भनेका छन् । उनीहरु नेवार नै भएको कुरा भक्तपुरको तलेजुभैरवस्थानको शिलालेखबाट पनि पुष्टि हुन आएको छ । उक्त शिलालेखले नेवार बाट कुनै समयमा पतन भएर पहरी हुन गएको कुरालाई नै बढी पुष्टि गरेको छ । पहिले उपत्यकामा बसोबास गर्ने नेवारहरु हुन भने भनाइ पनि छ । सहरमा वाहिरबाट मानिसहरुको आगमन बढन थालेपछि आर्थिक स्थिति कमजोर भएका नेवारहरु मध्ये केही सहर छोडी पहाडतिर गएर बसोबास गर्न थाले त्यस ठाउँमा तिनिहरुको सम्पर्क तामाङ्ग जातिसँग हुन थाल्यो । कालन्तरमा उनीहरुवीच बैवाहिक सम्बन्ध पनि हुन थाल्यो । तिनै तामाङसगँ विवाह गरेका र जन्मेका सन्तानहरुलाई पहरी भनेर भनिएको हो (गौतम, २०६२) । केहि बूढापाकाहरुको भनाइअनुासर भक्तपुरका मल्ला राजाको पालामा यस समुदायका मानिसहरु दरवारमा भान्छेको रुपमा काम गर्दथे । यी भान्छेहर जेसुके खानेकुरा पकाए पनि राजालाई खुवाउनु अघि आफूले चाखेर मात्र राजालाई दिने गर्दथे । यसरी उनीहरुको चाख्ने बानिबारे राजाले थाहा पाए । हो कि होइन भनेर निर्क्योल गरे । थाहा पाए पछि उनिहरु पक्रिय । राजाले उनीहरुलाई सहरबाट जङ्गलमा १२ वर्षको लागि निकाला गरिदिए । त्यसपछि यिनिहरु आफ्नो समुदाय बनाएर राजाको आज्ञा अनुसार जङ्गलमा वस्न गए । यिनिहरु जङ्गलमा पसि फलफुल कन्दमुल र जमिनमुनिको जरा भएर बस्न थाले । जङ्गलमा बस्दा रौ र नङ नकाटि ननुहाई फोहोर भएर बसेछन् । यिनिहरुले १२ वर्ष पूरा गरेपश्चात जङ्गली स्वरुपमै सहरमा आए । राजाले गोदावरी नजिकै कोडकु भन्ने ठाउँमा उनिहरुलाई बस्ने अनुमति दिए । तर त्यस ठाउँमा बसोबास गर्दै आएका अन्य जातिले उनिहरुलाई फोहोरी भन्न थाले । फोहोरी भन्दा भन्दै पछाडि अपभ्रशं भएर पहरी भएको हो । अर्को आधार अनुसार कुनै वेला देश निकाला भएका मानिसहरु पहाडको पहरा वा खोंचमा बस्न थाले । यसरि भीरपाखा र पहरामुनि बस्ने भएकोले कालान्तरमा यिनिहरुलाई पहाडी त्यसपछि पहारी र पछि आएर पहरी भनियो (गौतम, २०४७) ।

## २.२ पहरी जातिको परिचय

नेपालमा पाइने विभिन्न जातिहरुमध्ये पहरी जाति सिमान्तकृत समूह अर्न्तगत पर्दछ । यो जातिको सम्बन्धमा सामान्य अध्ययन भए पनि गहन र विस्तृत अध्ययन भएको पाइँदैन । यो जातिका मानिसहरु काभ्रेपलाञ्चोक जिल्लाको खोपासी, सालधार र पलाञ्चोक गा.वि.स.मा बसोबास गर्दछन । साथै ललितपूर, मकवानपूर, सिध्धुपालचोक जिल्लाका विभिन्न क्षेत्रमा बसोवास गर्दै आएको भेटिन्छ । ललितपुरको बडिखेल, चापागाँउ, किटिनी, लुभु, लेले, टौदह आदि क्षेत्रमा बसोबास गरेको पाइन्छ । विं स. २०१८ सालमा यो जातिको कुल जनसंख्या ३००२ रहेको थियो भने वि.स. २०६८ सालको जनगणना अनुसार १३,६१५ रहेको छ । यस मध्ये ६६७० पुरुष र ६९४५ महिला छन् । नेपाली समाज जातिय विविधतामा अब्बल समाज हो । नेपाली समाजमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अनुसन्धानको इतिहाँस त्यति लामो छैन । नगेन्द्र शर्माको पुस्तक 'नेपाली जनजीवन' मा पहरीहरु माथिल्ला र तल्ला दुई श्रेणीमा विभाजित भएको बताएका छन् । तर यसमा कुनै ठोस प्रमाण भेटिंदैन । द नेवार्स नामक पुस्तकमा प्रा.जी.यस. नेपालीले पहरीलाई ज्यापुसमानको जाती भनेर उल्लेख गरेको पाइन्छ । डोर बहादुर विष्टले पिपुल्स अफ नेपाल नामक पुस्तकमा पहरी जातीलाई तामाङ सरहको भनी उल्लेख गरेका छन् (विष्ट, २०३०) । पहरी जातिका विभिन्न शाखाहरु भएको स्थानिय उत्तरदाताले बताए । उहिहरुका अनुसार सुन पहरी, पाखा पहरी, खोला पहरी, राज पहरी आदि पाइन्छ । राज गर्ने पहरी भए राज पहरी, खोलामा माछा मार्ने भए खोला पहरी, खेतीपाती गर्ने भए पाखा पहरी, सुन पहरी भनेको पूजापाठहरू गराउने अर्न्तगत पर्दछन् ( स्थलगत अध्ययन , २०७२) ।

ह्यामिनडर्फले नेपालमा शारिरिक संरचना तथा आर्थिक, सामाजिक, अवस्था तामाङ् जातीसँग मिल्दोजुल्दो हुने पहरीहरु मंगोल जातिको एउटा समुदायमा पर्छन र भोट-बर्मेली भाषा बोल्छन् भन्ने कुरा उल्लेख गर्नुका साथै यस जातीले बौद्धधर्म नमान्ने कुराको चर्चा गरेका छन् (हयामिनडर्फ, १६६६) । इतिहाँस शिरोमणी बावुराम आचार्यले नेवार, नेवारी भाषा र नेवारी संस्कृति नामक कृतिमा पहरी जातीलाई तात्कालिक नेपालमा शासन गर्ने किराँत वा आदिवासी नेवारको वंशज भनेर उल्लेख गर्नु भएको छ । हड्सनले पहरी भाषालाई नेवारी भाषाकै रुपमा मानेका छन् । त्यसैगरि अर्का जनजाती विद् ओल्डफिल्डले पहरीहरु वेतको बास्केट, नाङला, डोका, खर्पन र घुम बनाउने जाती हुन भनि उल्लेख

गरेका छन् । यसैगरि कास्ट एण्ड किन इन नेपाल इण्डिया एण्ड सिलोन नामक पुस्तकमा हेमिनडफले पहरीहरुको शारिरिक विशेषतालाई तामाङ सरह भएको भनि उल्लेख गरेको भटिन्छ (आचार्य, २०५०) । पहरी शब्दको शाब्दिक अर्थ डाला, नाङ्ला आदि बुन्ने पेशा भएका पहाडि भेगमा बस्ने एक जाती हो (पोखरेल, २०४९) ।

पहरी जातिका लोग्ने मानिस र आइमाईको शारिरिक गठन तामाङको जस्तो देखिन्छ । उनिहरु पुड्का, काला र बलिया देखिन्छन् । यिनिहरु प्राय काला वर्णका पुड्का र आँखा साना एवम् निधार केहि माथि उठेका र हृष्टपुष्ट देखिन्छन । परम्परागत रुपमा आइमाईहरुले आधा खुट्टा देखिने गरि धोति र चोलो लगाउँछन भने लोग्ने मानिसहरु भोटो, सुरुवाल, इष्टकोट आदि लगाउँछन् । तर आजभोलि पाइन्छ कमिज लगाउनेको संख्या पनि बढ्दै गएको छ । पहरी जातिका स्वास्नी मानिसहरुले नाक छेडेका हुन्छन् । सिउँदोमा सिन्दु, पोते, तिलहरी आदि लगाउँछन । सुन चाँदि धातुका गहनाहरुको प्रयोग गरेको पाइन्छ ( गौतम, २०६२) । पहरी जातिको आफ्नो छुट्टै बोली छ । तर वेग्लै लिपि भने छैन । उनीहरुको बोलीको निकटतम सम्बन्ध नेवारी भाषासित रहेको पाइन्छ । यसमा खासगरि ललितपुर र धुलिखेलका पहाडि क्षेत्रतिर बोलिने नेवारी भाषसित बढी सम्बन्धित रहेको देखिन्छ । यो भाषा नेवारि भाषासँग सम्बन्धित भए पनि बोल्ने किसिम भने तामाङ जातिको सँग मेल खान्छ । पहरी जातिका मानिसहरु बोल्दा बढि लय हालेर बोल्ने गर्दछन् (गौतम, २०६२) ।

## २.३ नेपालमा जात जातिको वर्तमान अवस्था

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । आदिवासी जनजातिहरुको लोपोन्मुख भाषा र सँस्कृतिहरुको संरक्षण, प्रबर्द्धन र उनीहरुको परम्परागत सीप तथा प्रविधिहरुको प्रयोग र परिमार्जनमा राज्यको पर्याप्त ध्यान नपुगेको, राज्यबाट प्रदत्त सेवा, सुविधा र अवसरहरुमा आदिबासी जनजातिको न्यायोचित पहुँच पुग्न नसकेको र पर्याप्त बजेट विनियोजन नभएको कारण आदिबासी जनजातिहरुका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न नसकिएको जस्ता समस्याहरु विद्यमान् छन् । जाति भन्नाले यहाँ हामी नेपाल राष्ट्रभित्रका सबै जातिहरू बाहुन, क्षेत्री, सन्यासी, गुरुङ, मगर, लिम्बू, राई, पर्वते, नेवार, थारू, दनुवार, कामी, दमाई, सार्की, झा, राजपुत, साहु, यादव, मन्डल, मिश्र, ठाकुर, डुम, इस्लाम, इसाइ आदिको एक साझा सगोल अर्थमा एकीकरण भएको सम्झन्छौं किनभने हाम्रो देश सानो भएपनि यहाँ धैरै थरीका जाति छन् । राष्ट्रिय जनगणना २०६८ मा

जम्मा १२५ वटा जातजातिहरू रहेको देखिएको छ । यसअनुसार विगत २०५८ सालको जनगणनामा कुल जनसङ्ख्याको १५.८ प्रतिशत रहेको क्षेत्रीको जनसङ्ख्या यस जनगणनामा केही वृद्धि भई १६.६ प्रतिशत पुगेको छ । पहाडी ब्राम्हणको जनसङ्ख्या २०५८ सालमा १२.७ प्रतिशत रहेकोमा हाल १२.२ प्रतिशत देखिएको छ । हाल मगर, थारू, तामाङ, नेवार र कामी क्रमशः ७.१, ६.६ र ५.८ प्रतिशतसहित तेस्रो, चौथो र पाँचौं प्रमुख जातजातिहरूको स्थानमा रहेका छन् । क्षेत्री, ब्राम्हण(पहाडी), मगर, थारु, तामाङ, नेवार, कामी, मुसलमान, यादव र राई नेपालका १० प्रमुख जातिहरु हुन (के.त.वि., २०६८) ।

## २.४ आदिवासी तथा जनजातिको विकासमा चालिएका कदमहरु

अधिकांश आदिवासी/जनजातिहरु आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक दृष्टिले कमजोर र सुविधाबाट वञ्चित छन् । आज विभिन्न जात, जाति, समुदाय वीचको विकासको दूरी वढदो छ । आदिवासी, जनजातिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक स्थितिमा सुधार गरेर न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्ने दीर्घकालीन सोच एवम् शासकीय सामाजिक तथा आर्थिक स्रोत र साधनहरूमा आदिवासी, जनजातिहरूको पहुँच वृद्धि गरी उनीहरूको आर्थिक वृद्धि र सांस्कृतिक सम्बर्द्धन गर्ने उद्देश्यले विभिन्न नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएका छन् । यसअन्तर्गत प्रमुख नीतिहरूमा शिक्षामा त्रैभाषिक नीति, विशेष लक्षित कार्यक्रम, समानुपातिक प्रतिनिधित्व, सकारात्मक विभेदको आधारमा सीमान्तकृत आदिवासी तथा जनजातिहरूको लागि उद्योग, व्यापार तथा बैङ्क स्थापना गर्न प्रोत्साहन, जल, जमिन, जङ्गल र खानीमा आदिवासी जनजातिहरूको पहुँच वृद्धि, अनिवार्य तथा निःशुल्क माध्यमिक शिक्षा, मातृभाषमा शिक्षा, मानव संसाधन विकास, पूर्वाधार विकासजस्ता नीतिहरू उल्लेख गरिएका छन् । राज्यको पुनःसंरचनामा जनजातिहरूको लैङ्गिक, भाषिक, आर्थिक र सामाजिक समस्यालाई गहन सम्वोधन गरिने, परम्परागत तथा जातीय सङ्गठनहरूको क्षमता अभिवृद्धि गर्न स्रोत केन्द्रको स्थापना, विशेष चेतनामूलक कार्यक्रम, संस्थागत विकासको कार्यक्रम र परिवर्तित सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको भूमिका सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने कुराहरू उल्लेख गरिएका छन् ।

नेपाल सरकारले विगत देखि नै आदिवासी तथा जनजातिहरूको लागि व्यवस्थित रूपमा विकास कार्यक्रम अघि बढाउँदै आएको छ । स्थानीय विकास मन्त्रालयअन्तर्गत राष्ट्रिय जनजाति विकास समितिले जनजातिहरूको संरक्षण विकास र मूलप्रवाहीकरणमा काम गर्दै

आइरहेको छ। दसौं योजना (२०५९-२०६४) मा आदिवासी जनजातिहरूसम्बन्धी कार्यक्रमहरूमा आदिवासी जनजातिहरूको संस्थागत विकास, भाषिक एवम् सांस्कृतिक विकास, मानव संसाधन विकासअन्तर्गत पिछडिएको तथा लोपोन्मुख आदिवासी जनजाति विद्यार्थीहरूलाई विशेष प्रोत्साहन तथा छात्रवृत्ति, आदिवासी जनजातिहरूलाई व्यवसायिक र रोजगारमूलक तालिम रहेका थिए। सामाजिक र आर्थिक विकास कार्यक्रमअन्तर्गत गरिबीको रेखामुनि रहेका आदिवासी, जनजाति तथा अन्य जातीय समुदायबीचको आर्थिक अन्तर कम गर्न गरिबी निवारण कार्यक्रम, परम्परागत सीप र ज्ञानमा आधारित पेसाको संरक्षण र बजार व्यवस्थापन, आदिवासी जनजातिहरूको बाहुल्य रहेको क्षेत्रमा भौतिक पूर्वाधार विकास कार्यक्रम राखिएका थिए। योजना अवधिमा नेपाल आदिवासी जनजाति महासङ्घले आयोजना गरेको "जनजाति सशक्तीकरण परियोजना" ले अति सीमान्तकृत र लोपोन्मुख आदिवासी जनजातिहरूको जीविकोपार्जन र क्षमता अभिवृद्धिमा केही सहयोग पुऱ्याएको छ (रा.यो.आ., २०५९-२०६४) । आदिवासी जनजाति उत्थानका लागि भएका केहि मुलभुत प्रयासहरु निम्नानुसार रहेको पाइन्छ।

- अन्तराष्टिय रुपमा आदिवासी जनजातिको हक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने, आफ्नो पहिचानलाई कायम गर्दै राजिनीतिक, आर्थिक तथा सामाजिक जिवनमा सहभागि हुने आदिवासी जनजातीको अभिरुचिअनुरुप सो समुदायलाई सशक्तिकरण गर्ने र उनीहरुको सांस्कृतिक मूल्य, भाषा, परम्परा तथा अन्य सामाजिक संगठनप्रति सम्मान गर्ने उद्देश्यसाथ संयुक्त राष्ट्रसंघद्धारा विश्व आदिवासी दशक, १९९९-२००४ घोषणा (प्रसाई, २०६६)।
- सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धि अन्तराष्ट्रिय महासन्धि , १९६५ को अनुमोदन।
- अन्तराष्ट्रिय श्रम संगठनद्धारा आदिवासी जनजातीविरुद्धको विश्वव्यापी विभेद हटाउने महासन्धि नं १६९ को तयारी।
- आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५९ ले ५९ आदिबासी जनजातिहरुको पहिचान र तिनलाई कानुनी मान्यता प्रदान गरेको छ।

) आई.एल.ओ.महासन्धि नं १६९ लाई वि.स. २०६४ को संसदको हिउँदे अधिवेशनले पारित गरिसकेको छ ।

संविधानसभामा आदिबासी जनजातिहरुको प्रतिनिधित्व झन्डै उनीहरुको जनसंख्याको अनुपातमा पुगे तापनि विगतको शासकीय पद्धतिमा रहेको असमावेशी चरित्रको कारण नीति निर्माण र सार्वजनिक सेवाहरुमा आदिबासी जनजातिहरुको सहभागिता अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन (रा.यो.आ., २०६७/६८-२०६९/७०) ।

## २.५ वर्तमान तेह्रौं योजना (आ.व.२०७०/७१-२०७२/७३) मा भएका नीति तथा कार्यक्रमहरू

वञ्चितिमा परेका दलित, आदिवासी, जनजाति, मुस्लिम, मधेशी समुदाय, पिछडा वर्ग,अपाङ्गता भएका व्यक्ति तथा समुदायहरुको राजनैतिक, आर्थिक, सामाजिक, मानवीय, सांस्कृतिक तथा भाषिक अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्दै आर्थिक, सामाजिक एवम् सांस्कृतिक उत्थान गर्ने अभिलाशा योजनाले बोकेको छ । यसका लागि योजनामा सकारात्मक विभेद, आरक्षण लगाएतका रणनीतिहरुसमेत लिएको देखिन्छ । सामाजिक सचेतना तथा क्षमता विकास कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्ने । परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिंदै आएको छ । रोजगारीका अवसरहरुमा न्यायोचित पहुँचको व्यवस्था गरी राज्यका सवै निकायहरुमा वञ्चितिमा परेका समुदायहरुलाई मूल प्रवाहीकरण गरिनेछ । लक्षित समुदायहरुको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन गरिनेछ । लक्षित समुदायहरुको सशक्तीकरण तथा सामाजिक सुरक्षाका लागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरु अभियानकै रुपमा सञ्चालन गरिनेछ आदि जस्ता नीतिगत प्रयासहरु हुँदै आएको छ । नीतिगत रुपमा सरकारले आदिवासी जनजातिहरुको उत्थानका लागि विभन्न प्रयासहरु आत्पसात् गर्दै आएको छ ।

# अध्यायः तीन

# अनुसन्धान पद्दति

## ३.१ अनुसन्धान ढाँचा

अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउन उपयुक्त अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । अध्ययन अनुसन्धान कार्यलाई फलदायी बनाउन, विश्वसनीय रुपबाट तथ्यहरु सङ्कलन एवं विश्लेषण गर्न तथा अध्ययनको उद्देश्य पूरा गर्नका लागि वर्णनात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या, नमुनाको आकार र नमुना छनौटको प्रक्रिया

अध्ययन क्षेत्रमा समेटिएका सम्पूण प्रतिनिधिमुलक इकाई जनसंख्या भित्र पर्दछन् । यस अध्ययनमा ललीतपुर जिल्ला बढिखेल क्षेत्रमा बसोबास गर्ने पहरी जातिका घरधुरीहरु नै यस अध्ययनका मुख्य उत्तरदाता थिए । समय, खर्च र पहुँचको हिसावले सम्पूर्ण जनसंख्याका प्रत्येक एकाईबाट आवश्यक मात्रामा तथ्याङ्क संकलन गर्न सकिदैन । त्यसैले अध्ययनको जनसंख्यालाई प्रतिनिधित्व गर्न सक्ने सानो समूहको छनोट गरि उक्त समूहबाट आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नुपर्छ । स्थलगत अध्ययन अनुसार बढिखेल क्षेत्रमा पहरी जातिको कुल घरधुरि संख्या ११९ घरधुरी रहेको देखिन्छ । यिनै ११९ घरधुरिलाई यो अध्ययनमा कुल जनसंख्या मानिएको छ । कुल जनसंख्याबाट उद्देश्यमुलक नमुना छनौट विधिद्धारा कुल २८ घरधुरिलाई नमुनाको रुपमा छनौट गरिएको हो । यिनै २८ घरधुरिहरुलाई आधार बनाएर यो अध्ययन पुरा गरिएको थियो ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरु

समाजशास्त्रीय अध्ययनका प्रायः सबै विधिमा तथ्याङ्कीय पद्धतिको प्रयोग गरिन्छ । कसरी तथ्यहरूको सङ्कलन गरिन्छ ? तथ्याङ्कहरूको प्रकृति प्राथमिक वा द्वितीय कुन हो ? आदि प्रश्नको उत्तर पनि अनुसन्धान पद्धतिमा खोजिनु पर्दछ । तथ्याङ्कको प्रकृति संख्यात्मक र गुणात्मक दुबै थिए । यसैगरी तथ्याङ्कका स्रोतहरु प्राथमिक र द्वितीय दुबै प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक श्रोतबाट तथ्याङ्क संकलनको क्रममा मुख्य अनुसन्धानकर्ता स्वयमले नमुना छनौटमा परेका घर धुरी सर्वेक्षण, स्थलगत अवलोकन अन्तरवार्ता, सामूहिक छलफल जस्ता सूचना संकलनका औजारहरु प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.२ द्वितीय स्रोत

अध्ययनका लागि आवश्यक अन्य तथ्याङ्कहरु संकलनार्थ सहायक स्रोतहरुको प्रयोग गरिने छ । विशेषतः पूर्व अध्ययनहरुको प्रतिवेदन, नेपाल सरकार तथा आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान र महासंघका प्रतिवेदनहरु, प्रकासशनहरु, सम्बन्धित पुस्तक, पत्रपत्रिका र तिनमा प्रकाशित लेख रचनाहरुरु आदिबाट आवश्यक द्वितीय तथ्याङ्कहरु थिए ।

## ३.५ तथ्याङ्क सङ्कलनका तरिका तथा औजारहरु

जुनसुकै अनुसन्धानका लागि पनि तथ्याङ्क अपरिहार्य मानिन्छ । अनुसन्धानको आधार वा जग भनेकै विश्वसनीय र प्रमाणित तथ्याङ्कहरु नै हुन् । यस अध्ययनका लागि आवश्यक तथ्याङ्कहरुको  सङ्कलन देहाय अनुसारका विधि तथा औजारहरुको प्रयोगद्धारा गरिएको थियो । तथ्याङ्क संकलनका औजारहरु देहाय बमोजिका थिए ।

**प्रश्नावली:** समाजशास्त्रिय अनुसन्धानमा निश्चित परिस्थिति र व्यवहारको बारेमा सूचना संकलन गर्न र कुनै व्यक्ति अथवा समूहका विचार एवं प्रवृत्तिको बारेमा खोजी गर्न व्यापक रुपमा प्रयोग गरिएको पाईन्छ प्रश्नावलीमा खोज गर्न लागिएको समस्यामा आधारित विभिन्न प्रश्नहरुको श्रृङ्खला रहन्छ र यसरी समावेश गरिएका प्रश्नहरुमा उत्तरदाता आफैले जवाफ दिन्छन् । नमुना छनोटमा परेका घरधुरीलाई  अध्ययनमा सम्बद्ध प्रश्नहरु समावेश गरी उद्देश्य अनुसार प्रश्नहरु सोधिएको थियो ।

**अन्तरवार्ता:** प्रश्नावलीले समेट्न नसकेका उत्तरहरु अन्तरर्वाताको सहायताले पहरी जातिका मानिसहरुको सामाजिक-आर्थिक अवस्था सम्बन्धी विषयमा केन्द्रित भई प्रत्यक्ष अन्तरवार्ता गरी तथ्याङ्क सङ्कलन गरिएको हो ।

**अवलोकन** :यो जातिको सामाजिक-सांकृतिक अवस्था सम्बन्धी अध्ययनको क्रममा जीवनशैलीसँग जोडिएका पक्षहरु जस्तै खानपिन, घरको वनावट, खेतीपाती गर्ने तरिका, चाड पर्व, भेसभुसा रहनसहनको अध्ययन अवधिभर प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क संकलन गरिएको हो ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

संकलति सुचनाहरुलाई प्रकृति अनुसार बर्गिकरण गरेर सहजिकरणमा ढालिएको छ । तत्तपश्चात अध्ययनको उद्देश्यहरु पूरा गर्नको लागि गुणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई तथ्यपरक र बोधगम्य बनाउन आवश्यकता अनुसार वर्णन र विश्लेषण गरिएको छ । सबैले बुझ्न सकुन भनेर सुचनाहरुलाई तालिका र चित्रद्धारा देखाइएको छ ।

# अध्यायः चार

# पहरी जातिको लोक जिवन

## ४.१ जनसांख्यिक विश्लेषण

कुनै पनि समाजको सभ्यता तथा विकासको स्तर तथा संरचना उक्त ठाउँमा पाइने जनसंख्याको आकार, वितरण र गुणस्तरियताले निर्धारण गर्दछ । जनसंख्याको आकारलाई जन्मदर, मृत्युदर र वसाईसराइले प्रभाव पारेको हुन्छ । नेपालको कुल जनसंख्या २६४९४५०४ रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर १.३५ प्रतिशत रहेको छ । यसैगरि वि.स. २०६८ को जनगणना अनुसार गोदावरि गा.वि.स. मा १८२५ कुल घरधुरि रहेको पाइन्छ । यस अर्न्ततग ७,५५८ कुलजनसंख्या रहेका छन् । कुल जनसंख्या मध्ये महिलाको संख्या ३८,४३ र पुरुषको संख्या ३७,३५ रहेको पाइन्छ । नमुना छनौटमा परेको कुल २८ घरधुरिमा रहेको जनसंख्या सम्बन्धि विवरण तलको तातिकद्धारा देखाइएको छ ।

**तलिका नं.: ४.१ नमुना छनौटमा परेका घरधुरि र उनिहरुको जनसंख्या सम्बन्धि विवरण**

| घरधुरि | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २८ | ७७ | ९१ | १६८ |
| प्रतिशत | ४५.८४ | ५४.१६ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

क्षेत्रगत अध्ययना आधारमा संकलन गरिएका सुचनाहरुलाई आधार बनाउँदा कुल २८ घरधुरिमा १६८ जम्मा जनसंख्या रहेकोमा यसमध्ये ७७ अर्थात ४५.८४ प्रतिशत महिला र ९१ अर्थात ५४.१६ प्रतिशत पुरुष रहेको देखिन्छ । यसलाई हेर्दा नेपालको महिला र पुरुषको प्रतिशत भन्दा उल्टो अवस्थामा रहेको पाइन्छ ।

## ४.२ धर्मको प्रकृति

समाजमा धर्मको स्थान निकै उच्च रहेको पाइन्छ । धर्मले मानिसलाई सतकर्म तर्फ दिशा निर्देशन गर्दछ । धर्म अलौकि शक्तिमाथिको विश्वास हो । यो प्राकृतिक सत्य हो । समाजमा विभिन्न किसिमका धर्मालम्बिहरु पाइन्छन् । अधिकांश समाजमा धार्मिक प्रचलन अनुसारका

सामाजिक सांस्कृतिक संस्कार र नीति नियमहरु निमार्ण भएको पाइन्छ । यसैका आधारमा व्यक्ति, परिवार, समाज र राष्ट्रमार्ग निर्देशित भएका हुन्छन् ।

**तालिका नं. ४.२ धर्मको प्रकृति**

| धर्म | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| हिन्दु | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार कुलघरधुरि मध्ये १०० प्रतिशत अर्थात २८ परिवार नै हिन्दु धर्मप्रति आस्था राखेको देखिन्छ । यो राष्ट्रिय औषत भन्दा पनि उच्च हो । राष्ट्रिय औसत अनुसार नेपालमा हिन्दुधर्म मानेको संख्या ८१.३४ प्रतिशत रहेको छ । क्षेत्रगत अध्ययनका आधारमा प्राप्त सूचना अनुसार पहरी जातिका मानिसहरु हिन्दुधर्म प्रति सर्मपित भएको देखिन्छ । धर्म निरपेक्षको वहस भईरहेको वर्तमान परिवेशमा यो जातिका मानिसहरुले भने सनातन धर्मलाई नै विश्वास गरेको देखिन्छ ।

## ४.३ जन्म संस्कार

पहरी जातीको जन्म संस्कार के कस्तो छ भनेर स्थानिय उत्तरदाताहरुलाई सोधिएको थियो । खासगरि नेपाल पहरी विकास संघका केन्द्रिय अध्यक्ष मुकुन्द बहादुर पहरीसँग लिएको अर्न्तवार्ता अनुसार पहरी जातिमा मनाइने जन्म संस्कारलाई यहाँ उल्लखे गरिएको छ । यो जातिमा जब घरमा बच्चा जन्मिन्छ तब दियो बालेर बच्चा र आमालाई छुट्टै राख्ने चलन छ, । बच्चालाई शुद्ध गरेर, सफासुग्घर गरेर अनि न्यानो कपडा लगाइदिएर राखिन्छ । न्वारन गरिसकेपछि मात्र बाहिर निकालिन्छ । न्वारन गराउने काम जन्मेका ५ दिनदेखि ७ दिनसम्ममा गरिन्छ । सुत्केरि भएको बेला सुतक परेको मानिन्छ । कुनै चाडपर्व परेको छ भने रोकिन्छ । सुतक परेको वेलामा केही पूजाआजा गर्नु हुँदैन । त्यस्तै केही अप्ठ्यारो पर्‍यो भने न्वारन चाँडै पनि गर्ने चलन छ ।

## ४.४ न्वारन संस्कार

यो जातिमा न्वारन गर्ने वा नाम राख्ने पनि मौलिक तरिका छ । नेपाल पहरी विकास संघका केन्द्रिय अध्यक्ष मुकुन्द बहादुर पहरीसँग लिएको अर्न्तवार्ता अनुसार नामाकरण गर्ने क्रममा

घरको जेष्ठ र गाउँका महिलाहरू बोलाइन्छ । अन्य आफन्तहरू पनि बोलाउनु पर्दछ । खानेकुराहरू तयार गरिन्छ । पुजा गर्ने ठाउँमा गोबरले लिपेर पूजा गर्ने चलन छ । घरको मूल मान्छेले वा गाउँको मूल मान्छेले पुजा गराउँछन् र त्यो बच्चालाई केही कुरा गर्न लगाउँछन् । त्यही अनुसार अनि मूल मान्छेले नाम राखीदिन्छन् । मूल मान्छेले जे नाम राख्यो त्यहीँ नै राख्ने चलन छ । पुरेतहरूलाई बोलाउने चलन छैन ।

## ४.५ ब्रतवन्ध संस्कार

व्रतवन्ध संस्कार बिजोड वर्ष पारेर गर्ने चलन छ । खासगरि २, ३, ५ देखि लिएर ११, १३ र १५ वर्षमा गर्ने संस्कार छ । व्रतवन्ध गराउँदा मामा र फुपूको संलग्नता हुनै पर्दछ । दुवैतिरबाट कोशेलि लिएर भान्जाको घरमा आउँछन् । लुगाफाटो भाँडाकुँडा सबै भान्जालाई ल्याई दिन्छन् । यो कार्य पूर्णिमाको दिनदेखि ठ्याक्कै मागको स्वस्थानी पूजा साङ्गे गर्नेको अघिल्लो दिनमा सुरु हुन्छ । कोशेली ल्याउँदा मामाहरूले बाजा गाजा सहित गीत गाएर रमाइलो गरेर आउँछन् । अनि जबसम्म मामामाइजुले त्यो प्रचलन सकाउँदैनन् तबसम्म भान्जा घरमा बस्ने, खाने सबै व्यवस्था मिलाएको हुन्छ । ब्रतबन्धको वेला आफन्तहरू सब बोलाउँछन् । छिमेकीहरू पनि बोलाउँछन् । उनीहरूलाई छुट्टै भोज, भतेरहरू हुन्छ । व्रतवन्ध संस्कारमा मामाले लिएर आएको मामा भारी गणेश थानमा लिएर भोज खुवाउँछन् । फुपूबाट लिएर आएको सितन कुल थानमा लिएर भोज खुवाउँछन् । मामाले र फुपूले दुवैले लिएर आएकोलाई दुवै ठाउँमा छुट्टाछुट्टै लिएर भोज खुवाउने प्रचलन रहिआएको छ । घर मुली, आफ्नो नजिकको आफन्तहरूको काका, काकी, मामाहरू, जो जो छन् नजिक तिनीहरूलाई फेता लगाउने, माइजूलाई विभिन्न चोलीहरू दिने चलन छ । अनि ब्रतबन्ध गर्ने बच्चालाई नयाँ लुगा लगाएर मन्दिर लैजाने मन्दिरमै मामाले भान्जालाई पूजा गरेर उसको कर्म चलाउँछन् । माइजूले पनि त्यही किसिमको साथ दिन्छन् 'साया' बनेर । मन्दिरमा सबै सकेर घरमा आएर आफन्तहरूलाई भोज खुवाउने प्रचलन रहिआएको छ ।

## ४.६ मृत्यु संस्कार

मृत्यु भइसके पछि लासलाई हरियो बाँसमा बाँधेर लगिन्छ । बाँसको माथि पूरै लुगा फुकालेर, नाङ्गै, राम्रोसँग सफा गरेर सेतो कपडाले बेरेर, अबिर, फूल छरेर राम्रोसँग लान्छन् । लास लाँदा खेरी अगाडि एकजनाले मात्रा बोक्छ । अनि त्यसको पछाडि चाहिँ

पालो गर्ने मान्छेहरूले लास बोक्छन् । अनि अरु मान्छेले चाहिँ धान, चामल, मकैं, गहुँ सबै मिसाएर पैसा मिसाएर त्यो जुन मान्छे जलाउने ठाउँ छ त्यो भन्दा लगभग सय मिटर यताबाट घाटसम्म छर्न्दै जानुपर्छ । अनि महिलाहरू २५ देखि ५० मिटरसम्म रूँदै जान्छन् । जब घाटमा लासमाथि आगो बालेर आगोको धुँवा आउँछ त्यसपछि महिला समूह फर्किन्छन् । घरमा सबै चोखो गर्ने चलन छ । रातो माटोले घर लिप्न मिल्दैन । आफ्नो छोराहरूले कपाल काटेर, शुद्ध गराएर त्यो सबै हातले पानी खुवाएर, दाग बत्ती दिन दिन्छन् । अनि घर फर्कि सकेपछि किरिया बस्नेहरूलाई खानेकुराको व्यवस्था गर्ने चलन छ । ऊ आफैं पकाउने, छुट्टै बस्ने र कसैलाई छुन दिँदैनन् । सेतो लुगा लगाएको हुन्छ ।

१३ दिन सम्म मृत्यू संस्कारलाई प्रचलन अनुसार पालना गर्ने गरिन्छ । यस विचमा कुनै चाडवाड आयो भने थकालीले निर्णय गरेर १३ दिनको कार्यलाई ५देखि ६ दिन भित्रमा पनि छोट्याउन् प्रचलन रहेको छ । अन्यथा प्राय १३ दिनमै काजक्रिया टुग्याउने प्रचलन रहेको पाइन्छ । मृत्यु भएको ६ महिना सम्म सेतो लुगा लगाउने गरिन्छ । ६ महिना पश्चात सेतो लुगा फेर्ने चलन छ । त्यतिवेला भोज भतेर गर्ने प्रचलन रहिआएको छ ।  एक वर्ष सम्म अकार्को जुठो नखाने जे जे चिजहरु खान हुदैन भनिएको छ ति चिजहरु नखाने प्रचलन रहेको छ । त्यस्तै मासु नखाने, पुजा आजा नचलाउने आदि कार्यहरु गरिन्छ । यो कार्य को लागी गुभाजु (नेवारको पण्डित) र पण्डित मध्ये कुनै एकले यो कार्य चलाउने गदर्छन । एक वर्षमा पनि विशेष भोजको आयोजना गरिन्छ । यसरी नै पहरी जातिमा मृत्यू संस्कारको कार्य सम्पन्न गरिन्छ ।

## ४.७ चाडपर्वहरू

पहरी जातिका मानिसहरुमा मनाइने अधिकांश चाडपर्वहरू काठमाडौका नेवारी जातिबाट बढिनै प्रभावित भएको पाइन्छ । पहरी जातिको प्रमुख जात्रा चेत्र हो । यसमा गणेश र देवीको रथ जात्रा चलाउने गरिन्छ । बडिखेलमा त्यो ठूलो जात्राको रूपमा मानिन्छ । माघे सक्रान्ति, दिवाली, साउने सक्रान्ती, गठे मंगल, सिट्टी, दशै, तिहार गुठी, गाइजात्रा आदिलाई पहरी जातिले प्रमुख चाडपर्वको रूपमा मनाउने गर्दछन् ।

# अध्याय: पाँच
# पहरी जातिको सामाजिक स्थिति

## ५.१ परिवारको प्रकृति

प्रत्येक व्यक्तिको पहिलो विद्यालय र सामाजिकिकरणको पहिले तहको रुपमा परिवारलाई लिइन्छ । यसअर्थमा पनि परिवारको महत्वपूर्ण भुमिका हाम्रो समाजमा रहिआएको छ । यसलाई कसैगरि पनि नकार्न सकिंदैन । नमुना छनौटमा परेका कुल २८ घरधुरिको परिवारको प्रकृति तालिका नं ५.१ द्धारा देखाईको छ ।

**तालिका नं. ५.१ परिवारको प्रकृति**

| परिवारको प्रकृति | घरधुरीको संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | २२ | ७८.६ |
| संयुक्त परिवार | ६ | २१.४ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तलिका नं ५.१ अनुसार कुल २८ परिवार मध्ये २२ अर्थात ७८.६ प्रतिशत एकात्मक परिवार भित्र रहेको र ६ अर्थात २१.४ प्रतिशत संयुक्त परिवार अर्न्तगत रहेको देखिन्छ । यसको आधारमा विश्लेषण गर्दा पहरि जातिहरु संयुक्त पारिवारिक बसाईबाट क्रमश एकात्मक परिवारतर्फ उन्मुख भएको देखिन्छ ।

## ५.२ परिवारको आकार

प्रत्येक घरधुरिमा निश्चित मात्रामा परिवारका सदस्यहरु हुने गर्दछन । यसको स्वभाव परिवारको प्रकृतिअनुसार फरक फरक हुन्छ । सामन्यतया एउटा परिवार भित्र भएको जम्मा सदस्यहरुको संख्यालाई परिवारको आकार मानिन्छ । एकल परिवार भित्र परिवारको आकार सानो तथा संयुक्त परिवारमा परिवारको आकार ठुलो हुने गर्दछ । नमुना छनौटमा परेका घरधुरिहरुमा भएको परिवारको आकारलाई निम्नानुसारको तालिकाद्धारा देखाइएको छ ।

**तालिका नं. ५.२  परिवारको आकार**

| परिवारको आकार | घरधुरिको संख्या | प्रतिशत |
|---|---|---|
| २ | १ | ३.६ |
| ३ | २ | ७.१ |
| ४ | ४ | १४.३ |
| ५ | ८ | २८.६ |
| ६ | १ | ३.६ |
| ७ | ५ | १७.९ |
| ८ | १ | ३.६ |
| ९ | ३ | १०.७ |
| ११ | ३ | १०.७ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तलिका नं. ५.२ आधार मानेर हेर्दा पहरी जातिको हाल परिवारको आकार अधिकतम ११ जना अर्थात १०.७ प्रतिशत देखिन्छ भने सबैभन्दा कम २ अर्थात ३.६ प्रतिशत देखिन आउँछ । कुल घरधुरिहरुको औषत परिवारको आकार ६.१७ देखिन्छ जुन राष्टिय औषत ४.६७ भन्दा केही बढी देखिन्छ । यसको आधारमा व्याख्या गर्दा पहरी जातिका मानिसहरुले पनि परिवारको आकारमा नियन्त्रण गर्दै गएको संस्कार भेटिन्छ । तालिकामा प्रत्येक घरधुरीमा परिवारको संख्या फरक फरक देखिन्छ । यसका पछाडि खास कारणहरु रहेको भेटिन्छ । वालबच्चाको संख्या धेरै भएर परिवारको आकारमा उतार चढाव देखिएको स्थानियले बताए ।

## ५.३ सामाजिक पक्षमा देखिएका परिवर्तनहरु

कालक्रम अनुसार मानव समाजमा विद्यमान सामाजिक सांस्कृतिक संस्कार, मुल्यमान्यत, संस्कृति आदिमा परिवर्तन आइरहन्छ । किनभने परिवर्तन प्रकृतिको शाश्वत नियम हो । यसलाई हाम्रो जस्तो समाजमा विवाह र बसाइँ सराइको भूमिका उच्च देखिन्छ । पहरी जातिको सामाजिका सांस्कृतिक संस्कारमात्र होइन सबै जातजातिको संस्कारमा परिवर्तन

भइनै रहन्छ । अध्ययन क्षेत्रको अध्ययन अनुासर पहिला यो जातिका सामाजिक पक्षमा नितान्त रुढिवादी तथा परम्परागता चलन चल्तिहरु व्यवहारमा आएका थिए भने आजभोलि ती चलन चल्तिमा सापेक्षिक परिवर्तन आएको देखिन्छ ।

**तालिका नं. ५.३ विगतको तुलनामा अहिले सामाजिक सांस्कृतिक संस्कारमा आएको परिवर्तन**

| परिवर्तन आएको छ कि छैन | घरधुरिको संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तन आएको छ | १२ | ४२.९ |
| परिवर्तन आएको छैन | ११ | ३९.३ |
| केहि थाहा छैन | ५ | १७.९ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

पहरी जातिका मानिसहरुले विगतमा गर्दै आएका सामाजिक सांस्कृति मान्यता र व्यवहारमा हालका दिनहरुको के कति परिवर्तन आएको छ छैन भनेर सोधिएको थियो । उनिहरुको व्यवहार र सिकाईलाई आधार बनाएर तुलनात्मक अध्ययन गरिएको हो । तालिका अनुसार १२ वटा घरधुरि अर्थात ४२.९ प्रतिशत उत्तरदाताहरुले पहिले भन्दा हाल पहरी जातिको सामाजिक सांस्कृतिक संस्कारहरुमा परिवर्तन आएको बताउँछन । परिवर्तन आउननुका पछाडि सञ्चार, सूचना, यातयता, लगाएतका आधुनिक सुविधा र यसको प्रभावले गर्दा परिवर्तन आएको हो भन्ने तर्क उत्तरदाताहरुले बताए । यसैगरि ११ घरधुरि अर्थात ३९.३ प्रतिशत उत्तरदाताहरुले यसलाई स्विकारेको पाइदैन । यसैगरि ५ घरधुरि अर्थात १७.९ प्रतिशत उत्तरदाताहरुले आफुलाई यसबारेमा केहि जानाकारि नभएको बताए । यसलाई हेर्दा पहरि जातिहरु सामाजिक सांस्कृतिक पक्षमा परिवर्तनउन्मुख भएको पाइन्छ । हामी पहरिहरूको भाषा संस्कृति र परम्पराहरू लोप हुँदै गइरहेको अवस्था पुगेका छौ । पुराना संस्कृतिहरूलाई विर्सेर नयाँ नयाँ अरूको नक्कल गर्ने किसिम गरिरहेको अवस्था छ । यी कार्यलाई रोक्नको लागि भाषा, संस्कृति परम्परालाई जगेर्ना गर्नु पर्दछ ।

## ५.४ सामाजिक परिवर्तनले प्रभाव पारेका क्षेत्रहरु

सामाजिक सांस्कृतिक परिवर्तनले समाजका विभिन्न सामाजिक इकाइहरुका सकारात्मक र नकारात्मक प्रभाव छोडेको हुन्छ । गतिशिलता र परिवर्तन सँगै पहरि जातिको मात्र नभई सम्पुण आदिवासि जनजातीहरु लगाएत अन्य जातिहरुको जिवन पद्धति, संस्कार लगाएत दैनिक उठबसमा थोर धेर परिवर्तन ल्याएको छ । सामाजिक सांस्कृतिक परिवर्तनको परिणामस्वरुपम पहरी जातीको जिवनमा पारेका प्रभावका क्षेत्रहरुलाई तालिका नं ५.४ मा देखाइएको छ ।

**तालिका नंः ५.४ सामाजिक सांस्कृतिक परिवर्तनले प्रभाव पारेका क्षेत्रहरु**

| **शिक्षा** | **उत्तरदाता** | **प्रतिशत** |
|---|---|---|
| छ | १९ | ६७.९ |
| छैन | ९ | ३२.१ |
| जम्मा | २८ | १०० |
| **स्वास्थ्य** | **उत्तरदाता** | **प्रतिशत** |
| छ | २७ | ९६.४ |
| छैन | १ | ३.६ |
| जम्मा | २८ | ७१.४ |
| **भेषभुषा** | **उत्तरदाता** | **प्रतिशत** |
| छ | २५ | ८९.२८ |
| छैन | ३ | १०.७२ |
| जम्मा | २८ | १०० |
| **बोलिचालि** | **उत्तरदाता** | **प्रतिशत** |
| छ | २४ | ८५.७१ |
| छैन | ४ | १४.२८ |
| जम्मा | २८ | १०० |
| **खानपिन** | **उत्तरदाता** | **प्रतिशत** |
| छ | २२ | ७८.५७ |
| छैन | ६ | २१.४२ |
| जम्मा | २८ | १०० |
| **बसोबास** | **उत्तरदाता** | **प्रतिशत** |
| छ | २२ | ७८.५७ |
| छैन | ६ | २१.४२ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

अध्ययन क्षेत्रको अध्ययन पश्चात प्राप्त सुचनाको आधारमा विश्लेषण गर्दा नमुना छनौटमा परेका घरधुरिहरुको दैनिक जिवन सँग जोडिएका सबै जसो क्षेत्रमा सामाजिक सांस्कृतिक परिवर्तन कुनै न कुनै किसिमको प्रभाव पारेका तथ्या माथिको तालिकाले देखाउँछ । उत्तरदाताहरुका अनुसार लगभग ८५ प्रतिशत घरधुरिहरुको शिक्षा, स्वास्थ्य, खानपिन, बोलिचाली, भेषभुषा लगाएत दैनिक जिवानमा प्रभाव परेको देखिन्छ ।

## ५.५ स्वास्थ्यको अवस्था र उपचार गर्ने विधिहरु

स्वस्थ जनशक्ति समाजको सर्वाङ्गीण विकासको लागि अपरिहार्य छ। स्वास्थ्य जनताको आधारभूत अधिकार भन्ने विश्वव्यापी मान्यतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले आत्मसात् गरी नेपाली नागरिकको स्वास्थ्यप्रति राज्यको दायित्वलाई ऐतिहासिक रूपमा पहिलोपल्ट स्थापित गरिसकेको छ । समाजमा वस्ने मानिसहरुले सदियौं काल देखि नै विभिन्न तरिकाले स्वास्थ्य उपचार गराइरहेको भेटिन्छ । पहरी जातिले विरामी हुँदा अपनाउने उपचार विधि तथा स्थानहरुलाई तालिका नं ५.५ मा देखाइएको छ ।

**तालिका नंः ५.५ विरामी पर्दा उपचार गराउने विधि तथा स्थान**

| अस्पताल | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| जाने | २८ | १०० |
| नजाने | - | - |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ५.५ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरुले घरपरिवारमा कुनै सदस्य विरामी पर्दा फरक फरक विधिहरु अपनाएर औषधिपोचार गर्ने गरेको देखिन्छ । करिब १०० प्रतिशत अर्थात २८ वटा घरधुरिहरु नै अस्पतालमा जाने गरेको देखिन्छ ।

## अध्यायः छ

## आर्थिक अवस्था सम्बन्धि विश्लेषण

### ६.१ पारिवारिक मुख्य पेशा तथा आम्दानीका स्रोतहरू

परिवारका सदस्यहरु जिविकोपार्जनका लागि कुनै न कुनै पेशा वा इलमधन्दामा लागेकै हुन्छन । हाम्रो समाज कृषिको वाहुल्यता भएको समाज हो । तसर्थ पनि प्रायःसबै जसो मानिसहरु कृषि पेशामा नै संलग्न भएको देखिन्छ । नमुना छनौटमा परेका पहरी जातिका मानिसहरुको मुख्य परम्परागत पेशा वेतबाँसका सामाग्रीहरु बनाउनुका अतिरिक्त कृषि ज्यालामजदुरी तथा साना व्यवसायहरु गर्दै आएको देखिन्छ । उनिहरुका मुख्य पेशा तथा आम्दानिका स्रोतहरुलाई तालिका नं ६.१ मा देखाईएको छ ।

**तालिका नंः ६.१ पेशाका तथा आम्दानीका मुख्य स्रोतहरू**

| पेशा | उत्तरदातको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि/वेतवाँस | १३ | ४६.४ |
| सेवा | ५ | १७.९ |
| ज्याला मजदुरि | ४ | १४.३ |
| अन्य | ६ | २१.४ |
| जम्मा | २८ | १०० |
| **आम्दानीका स्रोतहरु** | **उत्तरदातको संख्या** | **प्रतिशत** |
| कृषि/वेतवाँस | १४ | ५० |
| सेवा | २ | ७.१ |
| व्यवसाय | ३ | १०.७ |
| अन्य | ९ | ३२.१ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तलिका नं ६.१ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरुले विभिन्न किसिमका पेशा तथा आम्दानिका स्रोतहरु अपनाउँदै आएको पाइन्छ । करिब ४६.४ प्रतिशत अर्था १३

वटा घरधुरिको मुख्य पेशा कृषि तथा वेतबाँसका सामाग्रीहरु निमार्ण गर्ने देखिन्छ । यसैगरि ५ वटा घरधुर्रा अर्थात १७.९ प्रतिशतले सेवा, १४.३ प्रतिशतले ज्याला मजदुरि र बाँकी २१.४ प्रतिशतले अन्य पेशा अपनाउँदै आएको देखिन्छ ।

## ६.२ कृषिजन्य वस्तुको उत्पादन

नेपाली समाज कृषिमा आधारित समाज हो त्यसैले आदिकालदेखि नै नेपाली अर्थतन्त्रलाई कृषि अर्थतन्त्रका नामले चिनिदै आएको छ । अधिकांश मानिसहरु कृषि पेशालाई नै जिविकोपार्जनको प्रमुख आधार बनाउँदै आएका छन् । नेपालको कृषि नगदेवालिमा भन्दा अन्न वालिको उत्पादनमुखि देखिन्छ । वालि विविधिकरण सामाकि आर्थिक रुपान्तरणका लागि आवश्यक छ तापनि नेपालले त्यसो गर्न सकिरहेको छैन । कुल नमुना छनौटमा परेका पहरी जातिले उत्पादन गर्ने कृषिजन्य वस्तुको विविधीकरणलाई तालिका नं ६.२ द्वारा देखाइएको छ ।

**तालिका नं: ६.२ अन्नवालि उत्पादन गर्ने र नगर्ने घरधुरिहरु**

| अन्न | उत्तरदातको संख्या | प्रतिशत |
|---|---|---|
| गर्ने | २२ | ८५.७१ |
| नगर्ने | ४ | १४.२९ |
| जम्मा | २८ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७२

तालिका नं ६.२ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब ८५.७१ प्रतिशत अर्था २२ घरधुरिले अन्न उत्पादन गर्ने गरेको र बाँकि ४ घरधुरि अर्थात १४.२९ प्रतिशतले नगर्ने गरेको पाइन्छ । यसबाट हेर्दा अधिकांश पहरी जातिका मानिसहरु कृषि पेशामा संलग्न भई अन्न वालि उत्पादन गर्ने गरेको अनुसन्धानमा भेटिन्छ । नगर्नेहरुको खासै उत्पादनमुलक जमिन नभएको कारण उत्पादन गर्न नसकेको देखिन्छ । अध्ययन क्षेत्रमा प्रयाप्त खाद्यान उत्पादन गर्ने जमिन नहुनु । भएकोमा पनि प्रर्याप्त सिंचाई नहुनु । काम गर्ने किसानलाई सिप ज्ञान र आधुनिक तरिकाको अभाव रहनु अध्ययन क्षेत्रमा देखिएका खास समस्याहरु हुन् । पहरी जातिका मानिसहरुले अन्न बालिका साथसाथमा तरकारी पनि उत्पादन गर्दै आएको पाइन्छ । तरकारी बालि सम्बन्धि विवरण तालिका नं ६.३ मा देखाईएको छ ।

**तालिका नं: ६.३ तरकारी उत्पादन गर्ने र नगर्ने घरधुरिहरु**

| तरकारी | उत्तरदातको संख्या | प्रतिशत |
|---|---|---|
| गर्ने | ५ | १७.८६ |
| नगर्ने | २३ | ८२.१४ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.३ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब १७.८६ प्रतिशत अर्थात ५ घरधुरिले तरकारी उत्पादन गर्ने गरेको र बाँकि २३ घरधुरि अर्थात ८२.१४ प्रतिशतले नगर्ने गरेको पाइन्छ । यसबाट हेर्दा अधिकांश पहरी जातिका मानिसहरु कृषि पेशामा संलग्न भए पनि तरकारी उत्पादनमा खासै संलग्न भएको देखिँदैन ।

**तालिका नं: ६.४ फलफुल उत्पादन गर्ने र नगर्ने घरधुरिहरु**

| फलफुल | उत्तरदातको संख्या | प्रतिशत |
|---|---|---|
| नगर्ने | २८ | १०० |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तलिका नं ६.४ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये सबै अर्थात १०० प्रतिशतले नै फलफुल वालि नलगाउने गरेको देखिन्छ । यसको अर्थ हो यो जातिका मानिसहरुमा वालि विविधिकरण सम्बन्धि ज्ञान वा अभ्यास नरहेको भेटिन्छ ।

**तालिका नं: ६.५ दुध उत्पादन गर्ने र नगर्ने घरधुरिहरु**

| दुध | उत्तरदातको संख्या | प्रतिशत |
|---|---|---|
| गर्ने | ३ | १०.७२ |
| नगर्ने | २५ | ८९.२८ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.५ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब १०.७२ प्रतिशत अर्थात  ३ घरधुरिले दुध उत्पादन गर्ने गरेको र बाँकि २५ घरधुरि अर्थात ८९.२८ प्रतिशतले नगर्ने गरेको पाइन्छ। यसबाट हेर्दा अधिकांश पहरी जातिका मानिसहरु पशुपालन व्यवसायमा संलग्न नभएको पाइन्छ । दुध उत्पादन नर्गनुका पछाडि केहि कारणहर जिम्मेवार देखिन्छन् । प्रथमत यो जातिका मानिसहरुको परम्परगत पेशा निगालोका सामाग्रिहरु बनाउनु हो। यो कारणले पनि उनिहर पशु पालन गर्न रुचाउँदैनन् । यसैगरि दुध उत्पादनगर्नको लागि प्रशस्त घाँसको आवश्यकता, चरन क्षेत्रको आवश्यकता पर्दछ तर त्यो सुविधा नभएकोले पहरी जातिका मानिसहरुले दुध उत्पादन गर्न नसकेको अध्ययनले देखाउँछन्।

**तालिका नंः ६.६  मौरिपालन गर्ने र नगर्ने घरधुरिहरु**

| मौरिपालन | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| गर्ने | १ | ३.५८ |
| नगर्ने | २७ | ९६.४२ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.६ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब ३.५८ प्रतिशत अर्थात  १ घरधुरिले मात्र मौरिपालन व्यवसाय अपनाएको र बाँकि २७ घरधुरि अर्थात ९६.४२ प्रतिशतले नगर्ने गरेको पाइन्छ।

**तालिका नंः ६.७  पशुपालन गर्ने र नगर्ने घरधुरिहरु**

| पशुपालन | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| गर्ने | ८ | २८.५८ |
| नगर्ने | २० | ७१.४२ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.७ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब २८.५८ प्रतिशत अर्थात  ८ घरधुरिले पशुपालन गर्ने गरेको र बाँकि २० घरधुरि अर्थात ७१.४२ प्रतिशतले नगर्ने गरेको पाइन्छ । यो जातिका मानिसहरुको पुर्ख्यौलि पेशा वेतको सामाग्रि बनाउने हुनाले उनिहरु पुरानै पेशामा संलग्न हुने गरेकोले पशुपालन व्यवसाय नगरेको देखिन्छ । साथै पशुपालन व्यवसायका लागि आवश्यक जमिन, चरन भूमि, हरियो घाँस आदिको अभावका कारण कतिपय मानिसहरु यो पेशा गर्न चाहेर पनि गर्न नसकिरहेको अध्ययनले देखाउँछ ।

## ६.३ आम्दानी , खर्च र खर्चका क्षेत्रहरु

आम्दानी, खर्च तथा खर्च गर्ने क्षेत्रहरु आर्थिक चरहरु भित्र पर्दछन । खर्चको स्तर र क्षेत्रहरुलाई आम्दानिको आकार र स्रोतहरुले निर्धारण गर्दछ । आम नेपालीहरुको आम्दानिको प्रमुख स्रोत कृषि र पशुपालन देखिन्छ । औद्योगिक क्षेत्रको विकास र विस्तार हुन नसकिरहेको अवस्थामा कृषि क्षेत्रमै खुम्चिन बाध्य छन् नेपाली किसान दाजु भाई दिदि बहिनीहरु । पहरी जातिका मानिसहरुमा पनि यो तथ्य लागु भएको देखिन्छ ।  आम्दानी, खर्च र खर्चका क्षेत्रहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं: ६.८ उत्तरदाताको वार्षिक आम्दानिको स्तर**

| स्तर | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| ५०००० भन्दा तल | १ | ३.६ |
| ५००००-७५००० | ६ | २१.४ |
| ७५०००-१००००० | २ | ७.१ |
| १००००० भन्दा माथि | १९ | ६७.८५ |
| जम्मा | २८ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७२

तालिका नं ६.८ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब ३.६ प्रतिशत अर्थात  एउटा घरधुरिको वार्षिक आम्दानि रु ५०००० भन्दा तल रहेको छ । यसैगरि ६ घरधुरि अर्थात २१.४ प्रतिशतको आयको स्तर ५०००० देखि ७५००० सम्म अनि २ वटा घरधुरि अर्थात ७.१ प्रतिशतको ७५००० देखि १००००० सम्म रहेको र बाँकि १९

घरधुरि अर्थात ६७.८५ प्रतिशतको १००००० भन्दा माथि रहेको पाइन्छ । मौलिक पेशा वेतबाँसका सामाग्रिहरु बनाउने घरेलु उद्योगमा आवद्ध हुनेको संख्या उच्च रहेका र आधुनिक अन्य पसल व्यवसाय गर्ने गरेकोले आम्दानिको स्तरमा विविधता देखिन्छ । आय आर्जन हुने पेशा वा स्रोतहरुमा भएको विविधताले गर्दा आम्दानिको परिमाणमा पनि भिन्नता देखिन्छ ।

**तालिका नंः ६.९ वार्षिक खर्चको स्तर**

| खर्चको स्तर | घरधुरि संख्या | प्रतिशत |
|---|---|---|
| ५०००० भन्दा तल | २ | ७.१ |
| ५०००० देखि ७५००० | ४ | १४.३ |
| ७५०००० देखि १००००० | ४ | १४.३ |
| १००००० भन्दा माथि | १८ | ६४.३ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.९ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब ७.१ प्रतिशत अर्थात २ घरधुरिको वार्षिक खर्च रु ५०००० भन्दा तल रहेको छ । आम्दानि नै कम भएको कारण खर्च पनि कम नै भएको तथ्य अध्ययनले देखाउँछन् । यसैगरि ४ घरधुरि अर्थात १४.३ प्रतिशतको खर्च रु ५०००० देखि ७५००० सम्म रहेको अनि ४वटा घरधुरि अर्थात १४.३ प्रतिशतको ७५००० देखि १००००० सम्म रहेको र बाँकि १८ घरधुरि अर्थात ६४.३ प्रतिशतको १००००० भन्दा माथि रहेको पाइन्छ ।

**तालिका नंः ६.१० परिवारले गर्ने खर्चका क्षेत्रहरु**

| **आधारभूत आवश्यकता** | **घरधुरिको संख्या** | **प्रतिशत** |
|---|---|---|
| गर्ने | २८ | १०० |
| **शिक्षा र स्वास्थ्य** | **घरधुरिको संख्या** | **प्रतिशत** |
| गर्ने | २८ | १०० |
| **सामाजिक सांस्कृतिक क्रियाकलापहरु** | **घरधुरिको संख्या** | **प्रतिशत** |
| गर्ने | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.१० अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरुले आफुले कमाएको आम्दानिबाट दैनिक जिवन सञ्चालनका लागि गर्ने खर्चका शिर्षकहरु प्रायः एउटै देखिन्छन । स्थलगत अध्ययनको आधारलाई हेर्दा नमुना छनौटमा परेको सबै घरधुरिले आधारभुत आवश्यकता, शिक्षा, स्थास्थ्य र सामाजिक-सांस्कृतिक क्रियाकलापमै खर्च हुने गरेको बताए ।

## ६.४ नपुग खर्चको व्यवस्थापन

परिवार अनि परिवारका सदस्यरुको आर्थिक मामिला समाधान गर्ने क्रममा आम्दानि भन्दा बढि खर्च पनि हुन गर्दा कतिपय अवस्थामा उनिहरुले त्यसको व्यवस्थापन विभिन्न माध्ययमहरुद्धार खर्च व्यवस्थापन गर्ने गरेको अभ्यास हाम्रो समाजमा भेटिन्छ । औपचारिक र अनौपचारिक गरि दुई क्षेत्रबाट कर्जा तथा सर सापटि गर्ने परम्परा चलि आएको पाइन्छ । नमुना छनौटमा परेका पहरी जातिहरुले पनि सोहि विकल्पहरु आत्मसात् गर्दै आएको स्थानिय उत्तदाताहरुले बताए । उनिहरुले अपनाएको विधिहरुलाई तालिका नं ६.११ द्वारा देखाइएको छ ।

**तालिका नंः ६.११ नपुग खर्चको गर्जो टार्ने विकल्पहरु**

| विकल्पहरु | घरधुरिको संख्या | प्रतिशत |
|---|---|---|
| ऋण | १५ | ५३.६ |
| सापटि | ११ | ३९.३ |
| जग्गा जमिन वेचविखन | १ | ३.६ |
| थाहा छैन | १ | ३.६ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.११ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब ५३.६ प्रतिशत अर्थात १५ घरधुरिले आपनो आम्दानिले खर्चलाई नथेग्दा गर्जो टार्नका लागि ऋण लिने गरेको देखिन्छ । दैनिक सञ्चालनका लागि तथा आधारभुत आवश्यकता पुरा गर्न आम्दानिले नभेटेको कारण ऋृण लिन गरेको देखिन्छ । तुरुन्तै आम्दानि गरेर आवश्यकता पुरा गर्न नसकिने भएकोले अल्पकालिन ऋृण लिनु परेको देखिन्छ । यसैगरि ११ घरधुरि अर्थात ३९.३ प्रतिशतले सापटिद्धारा खर्च व्यवस्थापन गर्ने गरेको बताए । सापटि लिनेहरुले तुरुन्तै आफ्नै कमाई गरि तिर्न सक्ने भएकोले ऋृण नलिई सापटि लिने गरेको अध्ययनले देखाएको छ । कुल २८ घरधुरि मध्ये १ जनाले जग्गाजमिन वेचविखन र अन्य माध्यमबाट समस्या समाधान गर्ने गरेको अनुसन्धनाले देखाउँछ ।

## ६.५ पुर्ख्यौलि पेशामा परिवर्तन

प्रत्येक समुदायको आफ्नै मौलिक पुर्ख्यौर्लि पेशा भएको देखिन्छ । नेपालका आदिवासी जनजनति भित्रको पहरी जातिको पुर्ख्यौलि पेशा वेतबाँसका सामग्रिहरु निमार्ण गरि बेचविखन गर्नु हो । पहरी जातिको पुर्ख्यौली पेशा बेतबाँस बाट बनाउने डाला, नाङ्गला, चाल्ना, न्याक, कुर्सि्, दराज आदि नै हुन । आजकल नोकरी र व्यापार तीर पनि लाग्न थालेका छन् । तर समय गतिशित छ यसको परिणाम स्वरुपम कतिपयै आदिबासि जनजातीहरुले आफ्नो पुरानो पेशामा परिवर्तन गर्दै गएको पनि भेटिन्छ । उनिहरुले पनि परम्परागत पेशामा सामान्य परिवर्तन भएको बताए । परम्परागत पेशा पुरै परिवर्तन गरे पनि विधि तथा अभ्यासमा निकै ठुलो परिवर्तन आएको देखिन्छ ।

**तालिका नं: ६.१२ पुख्यौलि पेशामा आएको परिवर्तन**

| परिवर्तन | घरधुरिको संख्या | प्रतिशत |
|---|---|---|
| छ | ८ | २८.५७ |
| छैन | २० | ७१.४ |
| जम्मा | २८ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७२

तालिका नं ६.१२ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब २८.५७ प्रतिशत अर्थात ८ घरधुरिहरुले पुराना पुख्यौर्लि पेशा छोडेर नयाँ वा अन्य पेशा गर्न थालेको बताउँछन् । अन्य पेशा अर्न्तगत जागिर, साना होटल, किरना पसल, खेतिपाति आदी पर्दछन् । यसैगरि २० घरधुरि अर्थात ७१.४ प्रतिशत घरधुरिले भने आफ्नो पुख्यौर्लि पेशा वेत र वेतका सामाग्रि बनाउने लाई आत्मसात् गर्दै आएको पाइन्छ । तुलनात्मक रुपमा पहरी जातिका मानिसहरुलै आफ्ना पुर्खाहरुले अपनाउँदै आएको पेशालाई नै निरन्तरता दिंदै आएको भेटिन्छ । पहरी जातिको यो पेशा  उनिहरुको पहिचान, संस्कृति र सभ्यतासँग जोडिएको हुनाले पनि पहरीहरुले पुरानै पेशा अंगाल्दै आएको देखिन्छ । यसका अतिरिक्त उनिहरुले जिविकोपार्जनका लागि पुरानो पेशा भन्दा सापेक्षिक रुपमा राम्रो वा धेरै आम्दानि हुने प्राप्त गर्न नसकेको हुनाले पनि पुरानै पेशा लिइराखेको अध्ययनले देखाउँछ ।

## ६.६ कृषि उत्पादनमा प्रविधिको प्रयोग

प्रविध ज्ञान हो । वैज्ञानिक तथ्यमा आधारित भएर तयार पारिएका उत्पादन कार्यमा प्रयोग गरिने यन्त्र उपकरण, मेशिन, औजार आदि लाई सामान्य भाषामा प्रविध भनिन्छ । प्रविधले उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि उल्लेख्य सहयोग गर्दछ । कृषि प्रधान मुलक नेपालमा नयाँ-नयाँ कृषि प्रविधको प्रयोग गर्न सकेकमा मात्र समाजको सामाजिक आर्थिक रुपान्तरणमा सारवान् भुमिका खेल्न सक्दछ । सामान्यतया प्रविधिलाई परम्परागत र आधुनिक गरि दुई भागमा विभाजन गरि हेर्न सकिन्छ । अध्ययन क्षेत्रमा पहरी जातिका मानिसले कृषि उत्पादनमा कुन प्रविधि प्रयोग गरेका छन् भन्ने तथ्यलाई तालिका नं ६.१३ द्वारा देखाइएको छ ।

**तालिका नंः ६.१३ कृषि उत्पादनमा प्रयोग गरिने  औजार**

| प्रविधि | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| परम्परागत | १३ | ४६.४२ |
| आधुनिक | १५ | ५३.५७ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.१३ अनुसार नमुना छनौटमा परेका १५ वटा घरधुरिहरु अर्थात ५३.५७ प्रतिशत उत्तरदाताले कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गर्न थालेको बताउँछन् । यसको सिधा अर्थ हुन्छ अध्ययन क्षेत्रका पहरी जातीका मानिसहरुले कृषि उत्पादनमा नयाँ र सुधारिएका प्रविधि उन्मुख भएको पाइन्छ  । यसैगरि १३ घरधुरि अर्थात ४६.४२ प्रतिशतले अझै पनि परम्परागत प्रविधिको प्रयोग गर्दै आएको अध्ययनले देखाउँछ ।

## ६.७    घर जग्गा माथिको स्वामित्व

अचल सम्पतिमाथिको पहुँचले सामाजिक स्तरिकरणलाई निर्देशित गर्दछ । जमिन र जिवन एक रथका दुई पाङग्रा हुन । अचल सम्पतिले धनि र गरिब छुट्टाउँछ । सामजिक हैसियत कायम राख्दछ । उत्तरदाताहरुको अचल सम्पति माथि के कति स्वामित्व छ भन्ने कुरालाई तालिका   नं ६.१४ ले देखाईएको छ ।

**तालिका नंः ६.१४ घर जग्गामाथिको स्वामित्व**

| जग्गा माथिको स्वामित्व | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| छ | २४ | ८५.७१ |
| छैन | ४ | १४.२८ |
| जम्मा | २६ | १०० |
| **घरमाथिको स्वामित्व** | **उत्तरदाता** | **प्रतिशत** |
| छ | २५ | ८९.२८ |
| छैन | ३ | १०.७१ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब ८५.७१ प्रतिशत घरधुरिहरुसँग जग्गामाथिको स्वामित्व वा पहुँच रहेको र बाँकि सगँ नभएको देखिन्छ । यसैगरि ८९.२८ प्रतिशत घरधुरिहरुसँग घरमाथिको स्वामित्व भएको र बाँकि सँग घरमाथिको स्वामित्व नभएको अध्ययनले देखाएको छ । अंशबण्डा भए पनि नामसारी नगरेकोले घर जग्गामाथि घरमुलिको स्वामित्व नरहेको उत्तरदाताले बताए ।

## ६.८ अचल सम्पति (जग्गाजमिन) माथि महिलाको स्वामित्व

ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जाति, अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको सम्पन्नताका लागि अचल सम्पतिको स्वामित्व हुनु पर्दछ । आधा आकास ढाकेका महिलाहरुको जब सम्म विकास हुदैन तबसम्म समाजको सन्तुलित विकास कायम रहन सक्दैन । अध्ययन क्षेत्रमा महिलाको अचल सम्पति माथिको स्वामित्व सम्बन्धि विवरणलाई ६.१५ तालिकामा देखाइएको छ ।

**तालिका नंः ६.१५ अचल सम्पति माथि महिलाको स्वामित्व**

| स्वामित्व | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| छ | ५ | १७.९ |
| छैन | २३ | ८२.१ |
| जम्मा | २८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं ६.१५ अनुसार नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब १७.९ प्रतिशत अर्थात  ५ घरधुरिका महिलाको अचल सम्पति माथि स्वामित्व रहेको र बाँकि २३ घरधुरि अर्थात ८२.१ प्रतिशत घरधुरिका महिलाको अचल सम्पतिमाथि स्वामित्व नभएको देखिन्छ । नयाँ जग्गा जमिन किनेको छैन । भएकोलाई खर्च गरेर स्वामित्व स्थानान्तरण गर्ने कुरै भएन त्यसैले महिलामाथि जगाको स्वामित्व कम भएको हो ।

## ६.९ घरायसि उपभोग्य सुविधाहरुको स्थिति

घरको दैनिकी सञ्चालनका लागि विभिन्न किसिमका साधन तथा प्रविधिहरु प्रयोग गर्नु पर्दछ । सामाजिक सांस्कृतिक सुधारका लागि खासगरि हाम्रो जस्तो विकाशोन्मुख समाजमा

सामाजिक परिवर्तन तथा आधुनिकीकरणका लागि नयाँ प्रविधिहरुको प्रयोगको दायरा व्यापक बनाउन सक्नु पर्दछ । घरायसि उपभोगका सामाग्रिहरु अर्न्तगत रेडियो, टेलिभिजन, टेलिफोन, साइकल, मोटरसाइकल, मोवाइल, सोलार, जेनेरेटर, कम्प्युटर र इमेल समेत प्रयोग गर्दै आएको स्थलगत अध्ययनले देखाउँछ । नमुना छनौटमा परेका कुल घरधुरिहरु मध्ये १० घरधुरिहरु अर्थात ३५.७ प्रतिशतसँग रेडियो रहेको र १८ घरधुरि अर्थात ६४३ प्रतिशत सँग नभएको देखिन्छस । यसैगरि २५ वटा घरधुरि अर्थात ८९.३ सगँ टेलिफान सुविधा भएको र बाँकि १०.७ प्रतिशतसँग नभएको देखिन्छ । सुचनाका लागि १७.९ प्रतिशतसँग कम्प्युटर सेवा भएको छ र८२.१ प्रतिशत सँग नरहेको देखिन्छ । ७.१ प्रतिशत सँग इमेल सुविधा भएको र ९२.९ प्रतिशत सँग उक्त सुविधा नभएको अध्ययनले देखाउँछ ।

# अध्यायः सात

# सारांश र निष्कर्ष

## ७.१ साराशं

यो अध्ययन ललितपुर जिल्ला गोदावरि नगरपालिका बडा नं ९ बडिखेलमा गरिको थियो । बडिखेल काठमाण्डौबाट करिब १५ कि.मी. टाडा पर्दछ भने ललितुरको सदुमुकामबाट १२ कि.मी. टाडा पूर्वतिर पर्दछ । अध्ययन क्षेत्रको पूर्वपट्टि गोदावरि र पश्चिम पट्टि चापागाँउ पर्दछ । पहरी जातिको बाक्लो वस्ति भएको यो क्षेत्रमा अन्य जातका मानिसहरु पनि बसोबास गर्दै आएको पाइन्छ । यसको मुख्य उद्देश्य पहरी जातिको वर्तमान सामाजिक पक्षको विश्लेषण गर्नु र पहरी जातिको आर्थिक अवस्थामा देखिएका परिवर्तनको अध्ययन गर्नु रहेको छ । क्षेत्रगत अध्ययना आधारमा संकलन गरिएका सुचनाहरुलाई आधार बनाउँदा कुल २८ घरधुरिमा १६८ जम्मा जनसंख्या रहेकोमा यसमध्ये ७७ अर्थात ४५.८४ प्रतिशत महिला र ९१ अर्थात ५४.१६ प्रतिशत पुरुष रहेको देखिन्छ । कुल २८ परिवार मध्ये २२ अर्थात ७८.६ प्रतिशत एकल परिवार भित्र रहेको र ६ अर्थात २१.४ प्रतिशत संयुक्त परिवार अर्न्तगत रहेको देखिन्छ । पहरी जातिको हाल परिवारको आकार अधिकतम ५ जना अर्थात २८.६ प्रतिशत देखिन्छ भने सबैभन्दा कम २,६ र८ अर्थात ३.६ प्रतिशत देखिन आउँछ । कुल घरधुरिहरुको औषत परिवारको आकार ४.५७ देखिन्छ जुन राष्टिय औषत ४.६७ सँग झण्डै मेल खान्छ । कुलघरधुरि मध्ये १०० प्रतिशत अर्थात २८ परिवार नै हिन्दु धर्मप्रति आस्था राखेको देखिन्छ । विभिन्न किसिमका सामाजिक सांस्कृतिक संस्कारहरु मान्दै आएको पहरी जातिमा कतिपय अभ्यासहरुमा परिवर्तन आउन थालेको पनि भेटिन्छ । बच्चा जन्मेको लगभग ५ देखी ७ दिनसम्ममा न्वारन गराउने काम गर्छन् । अनि त्यस्तै चाडपर्व नजिक आयो, त्यो त जुठो हुन्छ, सुत्केरी हुन्छ, केही पूजाआजा गर्नु हुँदैन । त्यस्तै केही अप्ठ्यारो पऱ्यो भने न्वारन चाँडै पनि गर्छौं । चाँडै गरे भने १-२ दिनमा पनि गर्छन् । जन्म हुँदाखेरी जस्तै बच्चा जन्मिदा हाम्रो चाहिँ दियो बालेर छुट्टै राख्ने चलन छ, बच्चालाई शुद्ध गरेर, सफासुग्घर गरेर त्यसलाई चाहिँ छुट्टै राख्ने चलन छ र अनि छुट्टै राखी सकेपछि कुनै चाडपर्व आयो, कुनै किसिमको उत्साहजनक चाडपर्व आयो अनि त्यसलाई शुद्ध गरेर त्यसलाई बाहिर नामकरण गर्ने गर्दछन् । नाम राख्दाखेरी अब त्यहाँ घरको जेष्ठ र

गाउँको महिलाहरू बोलाउँछन् र आफन्तहरू बोलाउँछन् । खानेकुराहरू तयार गर्छन् । खानेकुरा तयार गरेर त्यसलाई चाहिँ गोबरले लिपेर त्यहाँ पूजा गरेर घरको मूल मान्छेले या गाउँको मूल मान्छेले गर्छ त्यो कुरा चाहिँ पूजा गराउँछन् र त्यो बच्चालाई केही कुरा गर्न लगाउँछन् । त्यहीअनुसार अनि मूल मान्छेले नाम राखी दिन्छन् । मूल मान्छेले जे नाम राख्यो त्यहीँ नै राख्ने चलन छ । व्रतवन्ध संस्कार चाहिँ के हुन्छ भन्दाखेरी बिजोड वर्ष पारेर अब दुई वर्षदेखि ३, ५ देखि लिएर ११, १२ पनि अनि नसक्नेले १५ वर्षमा पनि गर्छन् । मृत्यु संस्कार चाहिँ हाम्रो सबै जातिको गुठी हुन्छ । आ-आफ्नो टोलको २०-२५ जना ठाउँ ठाउँमा आ-आफ्नो गुठी बनाई राखेको हुन्छ । गुठी चाहिँ कहिले हुन्छ भने स्वस्थानी साङ्गेको दिन हाम्रो दिवाली हुन्छ भने स्वस्थानी साङ्गे सुरु भएको दिनदेखि गुठी हुन्छ । चार दिन चल्छ गुठी अनि त्यो गुठीमा चाहिँ के हुन्छ भने आ-आफ्नो टोलमा चाहिँ स्याउला, वार, विभिन्न पाल, छाएर त्यहाँको जेठाबाठो मान्छेले ढकाली बनाएर त्यहाँबाट गुठी सञ्चालन गर्छ ।

कुल २८ घरधुरिहरु मध्ये करिब ८५.७१ प्रतिशत अर्था २२ घरधुरिले अन्न उत्पादन गर्ने गरेको र बाँकि ४ घरधुरि अर्थात १४.२९ प्रतिशतले नगर्ने गरेको पाइन्छ । नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये करिब १७.८६ प्रतिशत अर्थात ५ घरधुरिले तरकारी उत्पादन गर्ने गरेको र बाँकि २३ घरधुरि अर्थात ८२.१४ प्रतिशतले नगर्ने गरेको पाइन्छ । नमुना छनौटमा परेका कुल २८ घरधुरिहरु मध्ये सबै अर्थात १०० प्रतिशतले नै फलफुल वालि नलगाउने गरेको देखिन्छ । करिब १०.७२ प्रतिशत अर्थात ३ घरधुरिले दुध उत्पादन गर्ने गरेको र बाँकि २५ घरधुरि अर्थात ८९.२८ प्रतिशतले नगर्ने गरेको पाइन्छ । कुल २८ घरधुरिहरु मध्ये करिब २८.५८ प्रतिशत अर्थात ८ घरधुरिले पशुपालन गर्ने गरेको र बाँकि २० घरधुरि अर्थात ७१.४२ प्रतिशतले नगर्ने गरेको पाइन्छ । कुल २८ घरधुरिहरु मध्ये करिब ३.६ प्रतिशत अर्थात एउटा घरधुरिको वार्षिक आम्दानि रुप ५०००० भन्दा तल रहेको छ । यसैगरि ६ घरधुरि अर्थात २१.४ प्रतिशतको आयको स्तर ५०००० देखि ७५००० सम्म अनि २ वटा घरधुरि अर्थात ७.१ प्रतिशतको ७५००० देखि १००००० सम्म रहेको र बाँकि १९ घरधुरि अर्थात ६७.८५ प्रतिशतको १००००० भन्दा माथि रहेको पाइन्छ । कुल २८ घरधुरिहरु मध्ये करिब ७.१ प्रतिशत अर्थात २ घरधुरिको वार्षिक खर्च रु ५०००० भन्दा तल रहेको छ । यसैगरि ४ घरधुरि अर्थात १४.३ प्रतिशतको खर्च रु ५०००० देखि ७५००० सम्म रहेको अनि ४वटा घरधुरि अर्थात १४.३ प्रतिशतको ७५००० देखि १००००० सम्म

रहेको र बाँकि १८ घरधुरि अर्थात ६४.३ प्रतिशतको १००००० भन्दा माथि रहेको पाइन्छ । कुल २८ घरधुरिहरु मध्ये करिब ५३.६ प्रतिशत अर्थात १५ घरधुरिले गर्जो टार्न ऋण लिने गरेको देखिन्छ । यसैगरि ११ घरधुरि अर्थात ३९.३ प्रतिशतले सापटिद्धारा खर्च व्यवस्थापन गर्ने गरेको बताए । सम्पूर्ण जाति, समुदायहरूको संस्कृतिको वैज्ञानिक तरिकाबाट सूचीकरण र लोपोन्मुख सांस्कृतिक सम्पदाहरूको जर्गेना भएको हुने, पूरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षणमा स्थानीय निकायहरूको स्वामित्व वृद्धि हुने, सांस्कृतिक समावेशीकरण तथा पूरातात्विक एवं ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण, पुनर्निर्माण एवं जिर्णोद्धार हुने, विभिन्न भाषा, धर्म, सांस्कृतिक सम्पदाहरू, परम्पराहरू तथा साहित्य, कला, रीतिरिवाजहरूको संरक्षण र प्रचार प्रसार हुने, साथै प्रतिलिपि अधिकारको संरक्षण भएको हुनेछ । उत्तरदाताहरुका अनुसार लगभग ८५ प्रतिशत घरधुरिहरुको शिक्षा, स्वास्थ्य, खानपिन, बोलिचाली, भेषभुषा लगाएत दैनिक जिवानमा प्रभाव परेको देखिन्छ ।

## ७.२ निष्कर्ष

पहरी जातिका मानिसहरु धर्मप्रति गहिरो आस्था राखेको पाइन्छ । यो प्राकृतिक सत्य हो । समाजमा विभिन्न किसिमका धर्मालम्बिहरु पाइन्छन् । कुल परिवारहरुले नै हिन्दु धर्मप्रति आस्था राखेको देखिन्छ । यो राष्ट्रिय औषत भन्दा पनि उच्च हो । जन्म संस्कार अर्न्तगत बच्चा जन्मिदा साथ बच्चालाई शुद्ध गरेर, सफासुग्गर गरेर, दियो बालेर छुट्टै राख्ने चलन छ, । अनि त्यस्तै चाडपर्व नजिक आयो, त्यो त जुठो हुन्छ, सुत्केरी हुन्छ, केही पूजाआजा गर्न नहुन प्रचलन यो जातिमाा रहेको पाइन्छ । ब्रतवन्धको समयमा छरछिमेकि तथा आफन्तहरू बोलाउने प्रचलन छ । उनीहरूलाई छुट्टै भोज, भतेरहरू हुन्छ । अनि मामा, माइजूले भान्जालाई लिएर पूजा थानमा जान्छन् । गणेशथान जान्छन् । देवीथान जान्छन् । आफ्नो कुलमा आउँछन् अनि त्यो गणेश थानमा बोका काट्छन् । कुलमा हाँस काट्छन् ।

विवाह संस्कार अर्न्तगत पहिला-पहिला केटि माग्न जाने चलन थियो । मध्यस्थ गर्ने व्यक्तिलाई लमि भन्ने चलन छ । केटाहरूले एउटा लमी छान्छन् र ऊ मार्फत् कुरा चलाउँछन् । जब कुरा मिल्यो, केटी दिने कुरा पक्का भईसकेपछि केटा पक्षबाट आफ्नो मामामाइजू सहित लमी सहित गएर त्यो केटीको घरमा कुरा गर्न जान्छन् । त्यतिखेर विभिन्न किसिमको खानेकुराहरू, पैसाहरू लिएर जान्छन् । छ्याङ, रक्सी, अन्डा, मासु जस्ता खानेकुराहर लैजान प्रचलन अहिले पनि कायम छ ।

पहरी जातिको सामाजिक सांस्कृतिक संस्कारहरुमा विस्तारै परिवर्तनका संकेतहरु देखा पर्दै आउन थालेको देखिन्छ । जनजातिहरुको लोपोन्मुख भाषा र सँस्कृतिहरुको संरक्षण, प्रबर्द्धन र उनीहरुको परम्परागत सीप तथा प्रविधिहरुको प्रयोग र परिमार्जनमा द्रुत गतिमा कार्यक्रमहरु चल्दै आएको भेटिन्छ । जन्म संस्कार अर्न्तगत जब घरमा बच्चा जन्मिन्छ तब दियो बालेर बच्चा र आमालाई छुट्टै राख्ने चलन देखिन्छ, । न्वारन गरिसकेपछि मात्र बाहिर निकालिन्छ । न्वारन गराउने काम जन्मेका ५ दिनदेखि ७ दिनसम्ममा गरिन्छ । सुत्केरि भएको बेला जुठो परेको मानिन्छ । कुनै चाडपर्व परेको छ भने रोकिन्छ । सुत्केरी परेको वेलामा केही पूजाआजा गर्नु हुँदैन । त्यस्तै केही अप्ठ्यारो पर्‍यो भने न्वारन चाँडै पनि गर्ने चलन छ । न्वारन गर्ने वा नाम राख्ने पनि मौलिक तरिका छ । नामाकरण गर्ने क्रममा घरको जेष्ठ र गाउँका महिलाहरू बोलाइन्छ । खानेकुराहरू तयार गरिन्छ । पुजा गर्ने ठाउँमा गोबरले लिपेर पूजा गर्ने चलन छ । घरको मूल मान्छेले या गाउँको मूल मान्छेले पुजा गराउँछन् र त्यो बच्चालाई केही कुरा गर्न लगाउँछन् । त्यही अनुसार अनि मूल मान्छेले नाम राखीदिन्छन् । व्रतवन्ध संस्कार बिजोड वर्ष पारेर गर्ने चलन छ । खासगरि २, ३, ५ देखि लिएर ११, १३ र १५ वर्षमा गर्ने संस्कार छ ।

अधिकांश घरधुरिको मुख्य पेशा कृषि तथा वेत बाँसका सामाग्रीहरु निमार्ण गर्ने देखिन्छ । विगतमा प्राय सबैले वेतबाँसको पेशा अपनाउने गरेको भए पनि हाल सबैले त्यो पेशालाई प्राथमिकता दिन नसकेको भेटिन्छ । ज्याला मजदुरि पेशामा पनि अझै संलग्न रहेको देखिन्छ । विगतमा भन्दा आजभोलि ज्यालादर उच्च भएकोले आय स्तर बढेको पाइन्छ । करिब ८५.७१ प्रतिशत घरधुरिले अन्न उत्पादन गर्ने गरेको र बाँकि १४.२९ प्रतिशतले नगर्ने गरेको पाइन्छ । यसबाट अन्न बालि नै प्रभुत्वशालि कृषि बालि रहको अध्ययनले देखाउँछ । कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गर्न थालेको बताउँछन् । करिब १७.९ प्रतिशत महिलाको अचल सम्पति माथि स्वामित्व रहेको र ८२.१ प्रतिशत घरधुरिका महिलाको अचल सम्पतिमाथि स्वामित्व नभएको देखिन्छ । विगतमा पहरी जातिका मानिसहरु वेतबाँसका सामाग्रीहरु बनाउने थियो । यद्यपि परिवर्तित समय अनुसार यो जातिका मानिसहरु पुर्ख्यौलि पेशाका अतिरिक्त कृषि, साना घरेलु उद्योग, ज्याला मजदुरि गर्ने गरेको पाइन्छ । तुलनात्मक अध्ययन गर्दा बडिखेलका पहरी जातिहरुले पुराना पेशा विस्तारै कम गरि नयाँ पेशातर्फ उन्मुख भएको देखिन्छ ।

## सन्दर्भ सामाग्रीहरु


अन्तराष्ट्रिय श्रम संगठन 'महासन्धि नं. १६९' **जनवकालत सहज पुस्तिका,** नेपाल आदिबासी जनजाति महासंघ ।

आचार्य, शैलेश प्रसाद, (२०५०), **बडिखेल गा.वि.स. क्षेत्रमा बसोबास गर्ने स्थानिय पहरी जातिको सामाजिक जनजिवन एक अध्ययन**, भेलेज प्रोफाइल ।

उक्याव, र ....अधिकारी, (२०५३), **नेपालका आदिवासि जनजातिहरु,** नेपाल सरकार स्थानीय विकास मन्त्रालय, राष्ट्रिय जनजाति विकास समिति, अनामनगर, काठमाडौं ।

क्रिस्टोफर वोरफ्युट र हयामिन डर्फ, (इ१६१६), **'काष्ट एण्ड किन नेपाल'**, वम्वे एसिया पब्लिकेशन हाउस ।

खत्री, प्रेमकुमार, (२०४४), **नेपाली समाज र संस्कृति,** काठमाण्ठौ साभ्का प्रकाशन ।

गौतम, राजेश, (२०४७), **गरिमा**,अंक ८/१० पृ.९० ।

गौतम, राजेश, (२०६२), **सामाजिक-सांस्कृति परम्पराको घेराभित्र बाँचिरकौ अल्पसंख्यक जाति पहरी,** कर्मयोग जिरेल, टहल,(२०६४), **जिरेलको ऐतिहासिक चिनारी तथा भाषा, धर्म र संस्कार संस्कृति,** जिरेल संघ नेपाल ।

पाण्डे, मधुसुदन (२०६५), **नेपालका जनजातिहरु,** पैरवि प्रकाशन, काठमाडौं ।

बद्रीविक्रम थापा स्मृति सेवा गुठी, २०५३, काठमाण्ठौ, नेपाल ।

भट्टचन,कृण्ण बहादुर, (२०६८), **कानुनमा आदिवासी जनतातिको अधिकार,** नेपाल आदिवासी जनजाति महासंघ,नेपाल ।

रा.यो.आ., (२०६८), तिन वर्षीय अन्तरिम योजना,सिंहदरवार, काठमाडौ ।

विष्ट, डोरबहादुर, (१९८०), **पिपल अफ नेपाल**, रत्न पुस्तक भण्डार, काठमाडौं ।

Bista, D. B. (1991). **Fatalism and Development: Nepal's Struggle for Modernization.** Calcutta: Orient Longman.

Central Bureau of Statistics, (2011), **Nepal Living Standards Survey Report. 2011/2012. Vol. I, and II.** Kathmandu : National Planning Commission.

Central Bureau of Statistics, (2011), **Population Monograph of Nepal. Vol. I and II.** Kathmandu : National Planning Commission.

David, Gellner et al. (eds), (1997), **Nationalism and Ethnicity in a Hindu Kingdom: The Politics of Culture in Contemporary Nepal.** Amsterdam: Narwood Academic Publisher.

NPC, (2002), Tenth Plan, National Planning Commission. Kathmandu.

## अनुसुचिः क

## घरधुरि सर्वेक्षण प्रश्नावली, २०७२

अनुसन्धानकर्ताको नाम................................

अन्तरवार्ता लिएको मिति..............................

दस्तखत...................................................

१. उत्तरदाताको परिचय

क. अञ्चल.................................................................

ख. जिल्ला.................................................................

ग. गा. वि.स. ⁄ नगरपालिका.............................................

घ. वडा नं.................................................................

ङ. गाउँ टोल⁄बस्तीको नाम : .......................................

च. घर नं. :- .............................................................

२. परिवारमूलीको पूरा नाम थर :- ..........................................

३. परिवारमूलीको लिङ्ग के हो ?

क.पुरुष ख. महिला

४. उत्तरदाताको पूरा नाम थरः-

.........................................................................

५. उत्तरदाताको लिङ्ग के हो ?

१. पुरुष २. महिला

६. परिवारमा जम्मा सदस्य संख्या कति ?

पुरुष संख्या.............................

महिला संख्या...........................

जम्मा..................................

७. तपाईले परिवारको प्रकृति कस्तो छ ?

१. एकल २. संयुक्त

८. तपाईले कुन धर्म मान्नु हुन्छ ?

१. हिन्दु २. वौद्ध ३. क्रिश्चियन ४. किँरात

५. प्रकृति ६. मुश्लिम

१०. तपाइँको जातमा जन्म संस्कार कसरि मनाउनु हुन्छ ?

..........................................................

१२. तपाइँको जातमा न्वारन संस्कार कसरि मनाउनु हुन्छ ?

..............................................................................

१३. तपाइँको जातमा ब्रतवन्ध संस्कार कसरि मनाउनु हुन्छ ?

.....................................................................

१४. तपाइँको जातमा विवाह संस्कार कसरि मनाउनु हुन्छ ?

...................................................................

१५. तपाइँको जातमा मृत्यु संस्कार कसरि मनाउनु हुन्छ ?

.........................................................................

१६. तपाइँको जातमा जन्म, नामाकरण, ब्रतवन्ध, विवाह र मृत्यु, संस्कारमा केहि परिवर्तन आएको छ ?

१. छ २. छैन

१७. यदि छ भने के कस्ता परिवर्तनहरु आएका छन् ?

..............................................................

१८. तपाँइहरुको महत्वपुर्ण चाडपर्वहरु कुन कुन हुन् ?

.......................................................

१९. तपाँइहरुले विगतमा मनाउने चाडपर्वहरुमा के कस्ता परिवर्तनहरु आएका छन् ?

.....................................................................................

२०. तपाइँहरुले चाडवाड कुन-कुन समयमा कसरी मनाउनु हुन्छ ?

........................................................................

२१. तपाँइको जातीका प्रमुख नाचगानहरु के के हुन् ?

.................................................................

२२. तपाँइहरुले विगतमा गरिने नाचगानहरुमा के कस्ता परिवर्तनहरु देखा परेका छन् ?

......................................................................

२४. यदि परिवर्तन भएका छन् भने ती परिवर्तनहरुलाई कसरी आत्मसात् गर्नु भएको छ ?

.......................................................................................................

२५. विगतको तुलनामा अहिले तपाँइको जातिको सामाजिक सांस्कृतिक पक्षहरुमा कुनै नयाँ परिवर्तन आएका छन् ?

१. छन्   २. छैनन

२७. परिवारको मुख्य पेशा के हो ?

१. कृषि   २.नोकरी   ३. ब्यापार/ब्यावसाय   ४. ज्याला मजदुरी   ५. उद्योग

२८. तपाँइको जिविकोपार्जनको मुख्य स्रोत के हो ?

१. कृषि   २. सेवा   ३. व्यवसाय ४. अन्य

३१. परिवारको वार्षिक खर्च कति जति हुन्छ ?

क. १५ हजार भन्दा तल   ख. १५०००-२५०००

ग. २५०००-३५०००   घ. ३५००० भन्दा माथि

३२. खर्चका क्षेत्रहरु के के हुन ?

१ आधारभुत आवश्यकता   २. स्वास्थ्य र शिक्षा   ३. सामाजिक-सांस्कृतिक क्रियाकलाप

३३. आम्दानी भन्दा खर्च वढी भएको अवस्थामा उक्त खर्च कसरि व्यवस्थापन हुन्छ ?

ऋण लिएर...........१   सापटि लिएर...........२   जग्गा जमिन वेचविखन गरेर ......३ अन्य.......४

३४. तपाँइहरुको पूर्ख्यौलि पेशा के हो ?

....................................................

३५. तपाँइले हाल पूर्ख्यौली पेशामा परिवर्तन गर्नु भएको छ ?

१ छ   २ छैन

३६. यदि छ भने पहिले कुन पेशा गर्नु हुन्थ्यो ?

..................................................................

३७. अहिले के पेशा गर्दै हुनुहुन्छ ?

.............................................

३८. पहिलेको तुलनामा अहिले तपाईको पेशामा केहि परिवर्तनहरु आएका छन् ?

१   छन्   २. छैनन्.

३९. यदि परिवर्तन भएका छन् भने के के कारणहरुले गर्दा भएको होला ?

.............................................................................

४०. यदि छ भने कुन कुन क्षेत्रमा परिवर्तन पारेको छ ?

क. शिक्षा ख. स्वास्थ्य ग. भेषभुषा.

घ. बोलीचाली ङ.खानपिन

च. बसोबास छ. अन्य

४१. कृषि उत्पादनमा कुन प्रविधि प्रयोग गर्नु भएको छ ?

क. परम्परागत ख. आधुनिक